# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ८ पूर्णाङ्क १०६ २०७५ साउन २१ गते सोमबार Monday, Aug. 6, 2018 पृष्ठ ८ मूल्य रु. १०/-


## देजमो कर्णाली प्रदेशको संयोजकमा चक्रपाणी शर्मा



सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) समर्थितदेशभक्तजनगणतान्त्रिक मोर्चा, नेपालको कर्णाली प्रदेशको संयोजकमा नेता चक्रपाणी शर्मा चुनिएका छन् । हालै सम्पन्न मोर्चाको एक भेलाले शर्माको नेतृत्वमा सात सदस्यीय प्रदेश कमिटि निर्माण गरेको हो । प्राप्त समाचार अनुसार मोर्चाको उक्त कमिटिका सदस्यहरूमा विरेन्द्र सिंह, श्याम कार्की, राजेन्द्र शाह, विश्वप्रकाश चौलागाईं, इन्द्र गौतम र चेतन माझी रहेका छन् । मोर्चाले कर्णाली प्रदेशका जनताका स्थानीय समस्याहरूलाई समेटी राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा आधारित रहेर प्रदेश सरकारलाई ज्ञापन पत्र बुझाउने र सरकारका जनविरोधी तथा राष्ट्रविरोधी कामका विरुद्ध कार्यक्रम गर्ने पनि तयारी गरिरहेको छ ।

# 'जातीय आन्दोलन राष्ट्रियताको आन्दोलन हो'

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपालको जातीय आन्दोलनलाई जात विशेषसँग जोडेर व्याख्या गरिदा विभिन्न खाले भ्रम उत्पन्न भएको र आन्दोलन गन्तव्यविहीन बनेर गोलचक्करमा फसिरहेको बेला नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य'किरण'ले जातीय आन्दोलनलाई राष्ट्रियताको आन्दोलनको रूपमा व्याख्या गरेका छन् । महासचिव किरणले जातीय मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोडेर नलैजाँदासम्म नेपालमा जातीय पहिचान र मुक्तिको कुरा असंभव रहेको दावी पनि प्रस्तुत गरेका छन् । आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालद्वारा बिहीबार बुद्धनगरस्थित अल्फाहाउसमा आयोजित 'नेपालमा संघीयता कार्यान्वयन र जातीय पहिचानको सवाल' विषयक एक अन्तरक्रिया कार्यक्रममा उनले उक्त विचार व्यक्त गरेका हुन् ।




नेपालजस्तो वर्णाश्रम सामाजिक व्यवस्था भएको देशमा जातीय मुक्तिको कुरा वर्गीय मुक्तिसँग अभिन्न रूपमा जोडिएको भन्दै महासचिव किरणले वर्गीय मुक्ति आन्दोलनसँग जातीय आन्दोलन जोडेर लगेको अवस्थामा मात्र जातीय मुक्ति सम्भव हुने र त्यसपछि मात्र देशमा व्याप्त रहेको ब्राह्मणवादी तथा सामन्तवादी सोचका विरुद्ध आन्दोलन गर्न सकिने बताए । उनका अनुसार नेपालमा जातीय आन्दोलन भनेको राष्ट्रियताको आन्दोलन हो । यसलाई 'नेशनल लिबरेशन मुभमेन्ट' भनिन्छ । यो आन्दोलन र पहिचान भनेको एक जात विशेष मात्रको आन्दोलन र पहिचान नभएर उत्पीडित जाति अथवा राष्ट्रियताको आन्दोलन हो । यसले नेपालभित्रै पनि र बाहिर पनि आन्दोलनको माग गर्दछ । जातीय मुक्तिका निम्ति आन्तरिक रूपमा ब्राह्मणवाद र बाह्य रूपमा विस्तारवाद तथा साम्राज्यवादका विरुद्धमा निर्णायक लडाइँ लड्नु जरुरी हुन्छ ।

महासचिव किरणको विश्लेषण छ, ' वर्तमानमा वाम भनिने सरकार सत्तामा रहे पनि यो न त वाम हो, न त क्रान्तिकारी नै । यो दलाल तथा नोकरशाही पुँजीपतिको सरकार हो । सामान्य उपरीसंरचना वा शासनसत्तामा थोरै फेरबदल भएर मात्र केही पनि हुँदैन । राज्यसत्ता नै बदलिनु पर्छ । राज्यसत्ता र शासन सत्ता भनेका दुई फरक कुराहरू हुन् । अहिले शासनसत्ता त बदलिएको छ, तर राज्यसत्ता पुरानै छ । राणा शासन, ...बाँकी ४ पेजमा

## युवाहरूको प्रदेशस्तरीय तालिमको आयोजना गरिने

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी)को १५ र १६ साउनमा सम्पन्न कर्णाली प्रदेशको बैठकले सुर्खेतको विरेन्द्रनगरमा पार्टीको युवा संगठन क्रान्तिकारी युवा लिगको वैचारिक, राजनीतिक तथा शारीरिक तालिम सञ्चालन गर्ने निर्णय गरेको छ । पार्टी स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रतीकको प्रमुख उपस्थितिमा सम्पन्न बैठकले २२ भदौमा युवाहरूको प्रदेशस्तरीय भेला तथा प्रशिक्षण आयोजना गर्ने निर्णय गरेको कर्णाली प्रदेशका पार्टी का.वा. सचिव सिपीले जानकारी दिए । प्राप्त जानकारी अनुसार बैठकले जिल्लाका भेला सम्मेलनलाई तीव्रता दिने, जबस मोर्चालाई व्यापक रूपमा परिचलान गर्ने, स्थानीय विशेषता अनुसार संगठन र संघर्षका कामलाई तालमेल मिलाएर लैजाने लगायतका निर्णय गरेको छ ।

## विराटनगरमा क्रान्तिकारी युवाहरूको मार्चपास हुने

विराटनगर । नेकपा (क्रान्तिकारी माओवादी)को १ नं. प्रदेशमा सांगठानिक गतिविधिहरू बढेर गएका छन् । पार्टीको प्रदेश कमिटिको बैठक सम्पन्न भएयता प्रदेश बैठकका निर्णयहरू कार्यान्वयन गर्ने क्रममा सुनसरी, मोरङ र झापा जिल्लाका बैठकहरू सम्पन्न भएका छन् भने अन्य पहाडी जिल्लाहरूमा पनि भदौको पहिलो हप्तासम्म बैठकहरू सम्पन्न गरिने पार्टीका का.व. प्रदेश सचिव लाबहादुरले जानकारी दिए ।

प्राप्त समाचार ...बाँकी ५ पेजमा

## भारतको विभिन्न राज्यका विभिन्न नगरमा सम्मेलन सम्पन्न

### सिल्बासा नगरको प्रथम नगर सम्पन्न

दिल्ली । नेपाली एकता समाज भारतको पश्चिम भारत राज्य समितिअन्तर्गत सिल्बासा नगर समितिको प्रथम नगर सम्मेलन शुक्रबार भव्य रूपमा सम्पन्न भएको छ । सम्मेलनले बेदबहादुर सारुको अध्यक्षतामा २३ सदस्यीय नगर समिति गठन गरेको छ । नगर समितिको उपाध्यक्षमा चुडामणि फाल, सचिवमा ओम बहादुर थापा, सह-सचिवमा भीमबहादुर खाङ्गा र कोषध्यक्षमा ध्रुव थापासहित जम्मा २३ जना सदस्य रहेका छन् । निर्वाचित नगर समितिमा ३ जना सल्लाहकार समेत् रहेका छन् ।



सम्मेलनमा प्रमुख अतिथि तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिव परि थापाले सम्बोधन गर्दै सम्मेलनको भव्य सफलताको कामना गरे । उनले सुगौली सन्धिको प्रक्रियाहुँदै आजसम्म आइपुग्दा नेपालका शासकहरूले राष्ट्घात र जनघातका कामलाई तीव्रता ...बाँकी ५ पेजमा

## पाँच महिला संगठनले गृहमन्त्रीलाई बुझाए ज्ञापन पत्र

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी)लगायत पाँच महिला संगठनले नेपाल सरकारका गृहमन्त्री रामबहादुर थापालाई ज्ञापन पत्र बुझाएका छन् । पाँच वटै संगठनका महिला नेतृहरूले गृहमन्त्री थापालाई गृहमन्त्रालय सिंहदरबारमा पुगेर शुक्रबार ज्ञापन पत्र बुझाएका हुन् । महिलाहरूमाथि भएका हत्या, बलात्कार जस्ता हिंसात्मक घटनाहरूको विरोध गर्दै ती घटनाहरूमा संलग्न दोषीहरूमाथि कडाभन्दा कडा कारबाही गर्न र यस्ता घटनाहरूलाई ...बाँकी ५ पेजमा

## दलाल शासकहरू नै नेपाली जनताका दुश्मन : परि थापा



नयाँ दिल्ली । नेपालीएकता समाज, भारतको मध्य दक्षिण राज्य समिति अन्तरगत उत्तर तथा दक्षिण हैदराबाद नगर समितिको सोमबार सम्पन्न प्रथम संयुक्त सम्मेलनका प्रमुख अतिथि देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सचिव परि थापाले सम्मेलनको भव्य सफलताको सुभकामना व्यक्त गर्दै दलाल शासकहरू नै नेपाली जनताको दुश्मन रहेको टिप्पणी गरेका छन् ।

उक्त कार्यक्रममा बोल्दै थापाले सुगौली सन्धिको प्रक्रिया हुँदै आजसम्म आईपुग्दा नेपालका सबै शासकहरूले राष्ट्घात र जनघातका कामलाई तीव्रता दिएका कारण देशमा राष्ट्रिय स्वाधिनता र जनजीविका समस्या अरु विकराल बनेको उल्लेख गरे । नेता थापाले अमेरिकी साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादको निर्देशनमा घरेलु प्रतिक्रियावादहरूको पक्षपोषण गर्ने दलालहरूको नेतृत्वको सत्ता नै नेपाली जनताको दुश्मन रहेको कुरा ठोकुवा गरे । कम्युनिस्ट नामधारी वर्तमान ओली सरकार पनि पहिलेका सरकार जस्तै जनघाती र ...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीका जिल्ला बैठकहरू सम्पन्न हुँदै

काठमाडौं । नेपालमा नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) यतिखेर जिल्ला कमिटिका बैठकहरूमा जुटेको छ । ७ वटै प्रदेशका जिल्लाहरूको बैठक धमाधम सम्पन्न भइरहेका छन् । बाँकी जिल्लाहरूको बैठक भदौको पहिलो सातासम्ममा सम्पन्न गर्ने माओवादी नेताहरूले बताएका छन् । क्रान्तिकारी माओवादी अहिले पार्टी, संयुक्त मोर्चा, जबस मोर्चाका प्रदेश र जिल्लाका बैठकहरू सम्पन्न गर्दै संगठन र संघर्षका योजनाहरूलाई स्थानीय विशेषतामा आधारित भएर कार्यान्वयन गर्ने चरणमा प्रवेश गरेको छ ।

क्रान्तिकारी माओवादीले राष्ट्रियता, जनतन्त्र र जनजीविका सवालमा आधारित भएर संघर्षका कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरेको नेताहरूले जनाएका छन् ।

सीमा अतिक्रमण, भारतीय पक्षबाट सीमामा बाँधिएको बाँध र एकतर्फी रूपमा सीमा क्षेत्रमा बनाएको पक्की सडकका कारण उत्पन्न डुबान समस्या, भारतसँग गरिएका असमान सन्धि सम्झौता, महँगी, भ्रष्टाचार, उत्पीडन, अन्याय, अत्याचार, बलात्कार, हत्या, हिंसालगायतका विषयहरूलाई उठान गर्दै संघर्ष सञ्चालन गर्ने तयारी गरिरहेको छ ।

क्रान्तिकारी माओवादीले युवा, विद्यार्थी, मजदुर र किसानलगायत देजमोका कार्यक्रमलाई प्रमुख महत्व दिँदै सात वटै प्रदेशमा क्रान्तिकारी युवा लिगको तर्फबाट बेरोजगारी समस्या समाधानका लागि ज्ञापनपत्र बुझाउँदै संघर्ष थाल्ने समेत तयारी गरिरहेको छ ।

## नेकपा भन्ने पार्टीमा माओवादी नै छैन

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो भनेर हामीले स्वीकार गरेका छौं । जातीय मुद्दाहरूलाई लिएर लामो समयदेखि जातीय आन्दोलन पनि उठ्दै आएको हो र छ पनि । यी मुद्दाहरूलाई उत्कर्षमा पुर्याउने काम नेपालमा माओवादी आन्दोलन, जातीय आन्दोलन र मधेशी आन्दोलनले गर्यो । तथापि त्यसलाई बैठान गर्न र फल प्राप्ति गर्न सकेनौं । संविधानमा धर्मनिरपेक्षता, संघीयता समानुपातिकता, समावेशीतालाई थोरै केही उपलब्धि मानेका छौं । तर यी समग्र होइनन् र पूर्णतामा पनि छैनन् । यी अधूरा छन् ।

**प्रचण्डजी एमालेमा मिसिएर नेकपा बन्न गएको हुनाले माओवादी त्यही हो कि भन्ने भ्रम पनि छ । तर एमालेमा प्रचण्ड मिसिएर बनेको नेकपामा माओवादी एक जात पनि छैन । त्यहाँ माओवादीको जात पनि छैन, आन्दोलनको गन्ध पनि छैन, पहिचान पनि छैन र वर्ग पनि छैन । यो कुरा गम्भीरताका साथ बुझ्नु पर्छ ।**



● मोहन वैद्य 'किरण' ●

शासनसत्ताका कुरा पनि आएका छन् । तर कुरा शासनसत्ताको मात्र होइन, समग्र राज्यसत्ताको प्रश्न हो । राज्यसत्ता र शासनसत्ताको भेद नपाएर जनता र केही नेताहरू पनि दिग्भ्रमित हुने गर्छन् । सारवस्तु राज्यसत्तामा रहन्छ, बहुदलकाल र हालको गणतन्त्रमा पनि पुरानै शासकहरू छन् । आश्चर्यको कुरा त छ भने अहिले भनिदै छ वामपंथीको सरकार, दुईतिहाइको सरकार, समाजवाद निर्माणको सरकार भनेर । समृद्ध नेपाल सुखी नेपालीको नारा निकै मीठा छन् । तर यो शासनमा जातीय मात्र होइन, कम्युनिष्टको राज्यसत्तामा परिवर्तन आउन सकेन । परिवर्तन ल्याउन खोजेको राज्यसत्तामा परिवर्तन ल्याउन सकिएन ।

संघीयता र पहिचानको कुरा गर्दा संघीयता नाम र शब्दमा त छ तर पहिचान शब्दमा पनि छैन । कतै पनि छैन । हामीले जनयुद्ध र पछि आएर शान्तिकालमा पनि १४ प्रदेश भनेर अघि बढेका थियौं । सम्झौता र छलफल गर्दै जाँदा ११ प्रदेश सम्मका कुराहरू पनि उठेका थिए । तमुवान, मगरात र नेवाका कुराहरू उठे, सबैका कुरा पनि उठे र उठिरहेका छन् । प्रचण्डजी यही हुनुहुन्छ ।

आज एकातिर नेकपा सरकारमा छ । तर नेकपा आफैमा माओवादी छैन । प्रचण्डजी एमालेमा मिसिएर नेकपा बन्न गएको हुनाले माओवादी त्यही हो कि भन्ने भ्रम पनि छ । तर एमालेमा प्रचण्ड मिसिएर बनेको नेकपामा माओवादी एक जात पनि छैन । त्यहाँ माओवादीको जात पनि छैन, आन्दोलनको गन्ध पनि छैन, पहिचान पनि छैन र वर्ग पनि छैन । यो कुरा गम्भीरताका साथ बुझ्नु पर्छ । हो, यति भएपछि केको पहिचानका कुरा, केको पहिचान कार्यान्वयनका कुरा ?

गणडकी ...बाँकी ८ पेजमा

## सम्पादकीय

# किन उठ्यो पहिचानको प्रश्न ?

संघीय संविधान जारी भएपछि नामाकरण गर्ने गरी बनाइएको सात प्रदेशहरूको पुनर्नामाकरण गर्ने प्रक्रिया जारी छ। तर पुनर्नामाकरण गरिएका प्रदेशहरू पहिचानविरोधी भए भनेर साथसाथै आवाज पनि उठेको छ । संविधानमा सामर्थ्य र पहिचानका आधारमा प्रदेशहरूको नामाकरण गर्ने भनी उल्लेख भए पनि हालसम्म भएका प्रदेश नम्बर ६ र प्रदेश नम्बर ४ को नाम क्रमशः कर्णाली र गण्डकी राखिएको छ। प्रदेशका प्रादेशिक संसदहरूले दुईतिहाई बहुमतका साथ यस्तो निर्णय गर्न पुगेका छन् ।

पहिचानका पक्षधरहरूका अनुसार यो नामाकरण पुरानै भएको र नदी, ढुंगा, माटो वा रुखविरुवाका लागि पहिचान आवश्यक नभएर त्यहाँ बसोवास गर्दै आएका आदिवासी, जनजाति तथा 'न्यासनालिटी'का लागि हो । उनीहरूका अनुसार विश्वमा धेरै देशहरूमा पुँजीवाद स्थापना हुने क्रमसँगै पहिचानका आधारमा धेरै प्रदेशहरूको नामाकरण भइसकेको इतिहास रहेको छ । छिमेकी देश भारत र चीनमा समेत् पहिचानका आधारमा नामाकरण गर्न कञ्जुस्याइ गरिएको छैन ।

तर नेपालमा भने लोकतान्त्रिक गणतन्त्र स्थापना भएसँगै पहिचानका आधारमा प्रदेशको नामाकरण गरिने भनिएको थियो । संविधानमा पनि पहिचान र सामर्थ्यलाई नामाकरणको आधार बनाइएको छ। यसका साथै संरक्षित क्षेत्र र स्वायत्त इलाकाको पनि परिकल्पना गरिएको छ। तर व्यवहारमा भने यसले मूर्तता पाउन सकिरहेको छैन ।

पहिचानको एजेन्डा पुँजीवादी एजेण्डा हो । पहिचान वास्तवमा सामन्तवादी शासनसत्ता वा राजामहराजाका विरुद्धको लडाइँमा रैतीहरूले आफ्ना पहिचानका लागि उठाउने नारा वा एजेण्डा हो । सामन्तले आफ्नो पहिचानमा शासन गरिरहेको हुन्छ । त्यतिबेला जनताका तर्फबाट खोजी गरिने पहिचानको मुद्दा जनपक्षीय पहिचानको मुद्दा बन्न जान्छ । पहिचान राजा भर्सेस रैती बनेर उभिन्छ । नेपालमा पनि राजनीतिक सन्दर्भका हिसाबले पहिचानको मुद्दा उठ्नु वा उठाइनु संगतिपूर्ण नै हो ।

राजतन्त्रको भर्खरै अन्त्य भएको छ र गणतन्त्रको भर्खरै आगमन भएको छ । जनताले पहिचान खोजेका छन् । गणतन्त्र जनताको कि पुरानै राजामहाराजाको ? स्वामित्व कसको ? यो बहसले पहिचान खोज्दछ। तर नेपालमा हालको लोकतान्त्रिक गणतन्त्रमा सामन्तवाद, नोकरशाही पुँजीवाद र दलाल पुँजीवाद एकैसाथ एकताबद्ध भएर शासनसत्तामा रहेका छन् । उनीहरूले जनताको पहिचानसहितको प्रदेशहरूको नामाकरण गर्न, त्यहाँको शासनसत्ता जनताका प्रतिनिधिका हातमा दिन र जनताले आफ्नो अपनत्व अनुभूत गर्ने गरी शासन व्यवस्था चलाउन दिने छैनन् र दिएका पनि छैनन् ।

यस्तो सत्तामा एकाध आदिवासीका र जनजातिका प्रतिनिधिहरू या त वर्गीय उत्थान गरेर वा उनीहरूको काम गर्ने गरेर ती दलाल, सामन्त तथा नोकरशाहीका कामदारका रूपमा लगिन्छन् । उनीहरू आफ्ना वर्गका हितका खातिर काम गर्ने अवस्थामा त हुँदै हुँदैनन्, बरु शासक वर्गका सहयोगी र टेकोपुँडोको काम गरिरहेका हुन्छन् । अहिले नेपालमा आदिवासी, जनजाति, महिला, मुस्लिम वा जोकसैको एकाध प्रतिनिधि वर्तमान दलाल तथा नोकरशाही सत्तामा पुगे पनि उनीहरू तिनका सहयोगीका रूपमा मात्र काम गर्दछन् र गरिरहेका हुन्छन् ।

जस्तो एकाध प्रतिनिधि त छन्, ती प्रदेशका प्रमुख पनि छन् । तर तिनले उनै शासकले अह्राएका कामहरू गर्ने गर्दछन् । त्यसैले, वर्तमान नेपालको शासनसत्ताको चरित्र बुझेर आदिवासी, जनजाति, महिला, मुस्लिम तथा वर्ग र लिंगले यसका विरुद्ध पहिचान स्थापनाका लागि सशक्त आन्दोलन चलाउनु जरुरी छ ।

अबश्य पनि दलाल तथा नोकरशाही वर्गलाई स्थानीय जनता वा जनजाति वा आदिवासीको पहिचान स्वीकार गर्नु गाह्रो कुरा हो । पहिचान भनेको सत्ताको अभिव्यक्ति पनि हो । उनीहरू जनजाति, आदिवासी र भाषभाषी तथा जोकोही पनि अरुलाई शासन सत्ता चलाउन दिन वा उनीहरूको शासनसत्ता स्वीकार गर्न तयार छैनन् । स्वभाविकै हो कर्णालीलाई खसान भनिदिंदा र गण्डकीलाई तमुवानमगरात भनिदिंदा त्यहाँका बास्तविक खस लगायतका अरु जातिहरू शासनसत्ताको उपरीसंरचनामा देखा पर्दछन् । यो भनेको दलाल तथा नोकरशाही पुँजीपति वर्गका लागि सोझो चुनौती हो । दलाल तथा नोकशाह पहिचान र शासनसत्ता उनीहरूलाई दिन पटक्कै तयार छैन । उनीहरू आफू कसरी सधैं शासक भइराख्ने भन्ने ध्याउन्नमा छन् ।

अहिलेको दलाल तथा नोकरशाही पुँजीपति वर्गमा जनजाति, आदिवासी र मधेशीका प्रतिनिधिहरू पनि छन् । तर ती दलाल सत्तामा छन् । उनीहरू निरीह त छन् नै तर दलाल तथा नोकरशाही नै भए पनि सत्ताको स्वाद त मीठै छ । पूर्व प्रदेश नम्बर ४ र हालको गण्डकी प्रदेशमा जनजातिकै पृथ्वी सुब्बा गुरुङ प्रदेश प्रमुख छन् । पूर्व प्रदेश नम्बर ६ र हालको कर्णाली प्रदेशमा खसकै महेन्द्रबहादुर शाही प्रदेश प्रमुख छन् । निर्णय गर्ने थलोमा छन् उनीहरू । तर आखिर भयो के त ? उनीहरूकै नेतृत्वमा पहिचान विरोधी प्रदेश नामाकरण भयो ।

त्यसैले नेपालमा अहिले जातीय मुक्ति र जातीय मुक्ति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनसँग जोडेर नलैजाँदासम्म नेपालमा पहिचानको मुद्दाले सफलता नै पाउँदैन । यो आन्तरिक राष्ट्रियताको मुद्दा हो । नेपालजस्तो वर्णाश्रम सामाजिक व्यवस्था भएको देशमा जातीय मुक्तिको कुरा मात्र गरेर पुग्दैन पनि । वर्गीय मुक्तिको कुरासँग यसलाई जोडिएन भने र केवल जाति र जातीय मात्र बनाउन खोजियो भने यो फेरि पनि दलाल तथा नोकरशाही पुँजीपति वर्गको नयाँ आसन र शासन निर्माण गर्ने अर्को भर्‍याङ हुन पुग्दछ ।

जातीय पहिचान मात्र 'नेशनल लिबरेशन मुभमेन्ट' मार्फत् संभव हुन्छ । यो आन्दोलन र पहिचान भनेको एक जात विशेष मात्रको आन्दोलन र पहिचान पनि होइन । यो उत्पीडित जाति अथवा राष्ट्रियताको आन्दोलन हो । आन्तरिक रूपमा ब्राह्मणवाद तथा सामन्तवाद र बाह्य रूपमा विस्तारवाद तथा साम्राज्यवाद विरुद्ध निर्णायक युद्ध लडेर मात्र पहिचानसहितको राज्यसत्ता र शासन सत्ता प्राप्त हुने छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नेपालमा संघीयता कार्यान्वयन र जातीय पहिचानको सवाल

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत वर्ष स्थानीय तहलाई एकीकृत सम्पत्ति सम्बन्धी कानुन बनाई यो वर्षको साउन महिनादेखि अनिवार्य लागू गर्न निर्देशन गरेको थियो**



प्रस्तोता- प्रा. डा. ओम गुरुङ

नेपाल अहिले राजनीतिक परिवर्तनको भुमरीबाट गुज्रिरेहेको छ । दशवर्षे जनयुद्ध, २०६२/६३ सालको जनआन्दोलनलगायत विभिन्न समयमा भएका जनआन्दोलन, जनजाति आन्दोलन, मधेश आन्दोलनबाट मुलुकमा विद्यमान एकात्मक र केन्द्रीकृत राज्यसत्ता समाप्त भएको छ । त्यसको ठाउँमा अहिले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । नेपाली जनताका चाहना र भावना तथा उनीहरूले गरेका अपेक्षानुरूप नयाँ संविधान निर्माण हुन नसकेता पनि देशको मूल कानुनको रूपमा २०७२ सालमा नयाँ संविधान जारी भएको छ। यही संविधान अन्तर्गत नेपालमा स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएको छ ।

देशमा अहिले तीन तहको सरकार निर्माण भएको छ । २०७४ सालमा सम्पन्न आम निर्वाचनले नेकपा (एमाले) लाई सत्तामा पुऱ्याएको छ। नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच पार्टी एकता भएपछि बनेको नेकपाको सरकार नेपालमा आजसम्म बनेका सरकारमध्ये सबैभन्दा ठूलो र शक्तिशाली सरकार भएको छ । अहिले राज्य र जनताप्रति यो सरकारका प्रमुख दायित्वमध्ये संघीयताको कार्यान्वयन र आदिवासी जनजातिहरूले उठाएका जातीय पहिचानको सवाल प्राथमिकतामा पर्नुपर्ने हो । तर सरकारले संघीयताको कार्यान्वयन र व्यवस्थापन गर्न अनकन र अलमल गरिरहेको छ । यसले गर्दा नेपालमा जनताको बल र बलिदानीपूर्ण योगदानबाट स्थापित संघीयता नै धरापमा पर्ने हो पो कि भन्ने आशंका सर्वत्र उठ्न थालेको छ ।

त्यसैगरी नेपालका उत्पीडित आदिवासी जनजातिले आफुमाथि नेपालको एकात्मक र केन्द्रीकृत तथा ब्राह्मणवादी राज्यसत्ताले सदियौंदेखि गर्दै आएको विभेद, उत्पीडन र दमनको अन्त्य गरी राज्यका सबै अंग र सबै तहमा समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न तथा राज्यका हरेक क्षेत्रमा समान अधिकार एवं अवसर प्राप्त गर्नका लागि आन्दोलन गर्दै आइरहेका छन् । उनीहरूले उठाएका थुप्रै मुद्दामध्ये एउटा महत्वपूर्ण मुद्दा राज्य पुनर्संरचना गर्दा संघीय प्रदेशहरूको नामकरण उत्पीडित जातिहरूको पहिचानका आधारमा गरियोस् भन्ने हो । मुलुकमा गणतन्त्र र संघीय शासन प्रणाली लागू भएपछि उनीहरूले आफूले उठाएका ती मुद्दा सम्बोधन हुनेछ भन्ने अपेक्षा पनि गरेका थिए । तर ती मुद्दाप्रति अहिलेको सरकारले कुनै चासो देखाएको छैन, बरु आदिवासी जनजातिहरूका चाहना र भावना विपरीत भूगोलको आधारमा संघीय प्रदेशहरूको नामकरण गर्न सुरु गरेको छ । प्रदेश नम्बर ६ लाई कर्णाली र आदिवासी/जनजातिहरूको बाहुल्य भएको प्रदेश नम्बर ४ लाई गण्डकी नामकरण गरिनु जनताका चाहना र भावनालाई कुल्चिनु हो। यसबाट अहिलेको सरकार जातीय पहिचानप्रति पूरै उदासीन छ भन्ने पुष्टि भएको छ भने प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेस पनि जातीय सवालप्रति त्यतिकै अनुदार छ भन्ने प्रमाणित भएको छ। माथि उल्लेखित यिनै महत्वपूर्ण विषयमाथि सरकार र सम्बन्धित सरोकारवाला राजनीतिक दलहरू सबैको ध्यानाकृष्ट गराउन र उनीहरूको स्पष्ट धारणा बुझ्न आज यो अन्तर्क्रियात्मक कार्यक्रमको आयोजना गरिएको हो ।

**संघीयताप्रति शासकीय आनाकानी र अलमल**

नेपालमा संघीयता स्थापना गर्नमा नेपालमा विभिन्न समयमा भएका जनआन्दोलन र जनयुद्धको विशेष योगदान भएता पनि वास्तवमा संघीयता मधेश र जनजाति आन्दोलनको उपज हो । २०६२/६३ सालको जनआन्दोलन पछि पनि निरन्तर रूपमा जारी रहेको मधेश आन्दोलनको कारण नेपालको अन्तरिम संविधानको पाँचौ संशोधनद्वारा संघीय शासन व्यवस्था स्थापना भएको हो। तर संघीयता कस्तो हुने र संघीय राज्य निर्माणको आधार के हुने भन्नेबारे मधेशी आन्दोलनले स्पष्ट खाका दिन सकेको थिएन। संघीय राज्य निर्माणको आधार जातीय पहिचान हुनुपर्दछ भनी त्यसलाई स्पष्टसँग मूर्तिकरण गर्ने काम आदिवासी जनजाति आन्दोलनले गरेको हो । यस सन्दर्भमा नेपालमा संघीय राज्य व्यवस्था स्थापना गर्नमा नेपालका आदिवासी जनजातिहरूको विशिष्ट योगदान रहिआएको छ ।

संघीयता सामाजिक विविधतालाई व्यवस्थापन गर्ने, विविध भाषा संस्कतिको संरक्षण गरेर जातीय पहिचान सुरक्षित गर्ने, विविध जातजातिले उठाएका मुद्दा तथा उनीहरूले पोखेका असन्तुष्टिलाई संवैधानिक व्यवस्थाद्वारा सम्बोधन गर्ने, राजनीतिक शक्ति निक्षेपीकरण र समावेशी समानुपातिक प्रतिनिधित्वद्वारा उत्पीडित जातजातिको राजनीतिक सशक्तिकरण गर्न सक्ने विशेषता भएको शासन प्रणाली हो । नेपालको सन्दर्भमा एकात्मक र केन्द्रीकृत राज्यव्यवस्थाभन्दा संघीय संघीय शासन प्रणाली नै उपयुक्त हुन्छ। तर संघीयता मन नपराउने र नचाहने पूर्व नेकपा (एमाले)जस्ता राजनीतिक दलकै नेतृत्वमा हालको सरकार बनेकोले अहिले संघीयता कार्यान्वयनमा आनाकानी र अलमल देखापरेको छ । किनकी अहिले सरकारको नेतृत्व गर्ने पूर्व नेकपा (एमाले)का नेतृत्वपंक्तिमा संघीयताप्रति खासै रुचि देखिँदैन । त्यसैले अहिलेको सरकारले स्पष्ट रूपमा केन्द्र, प्रदेश र स्थानीय सरकारको तहगत अन्तर छुट्याउन चाहेको छैन । सरकारमा रहेकाहरू अहिले पनि प्रदेश र स्थानीय सरकारलाई पंचायतकालीन विकास क्षेत्र र जिल्लाको रूपमा हेर्दछन् र त्यही हैसियतमा व्यवहार गर्न चाहन्छन् । यो उनीहरूमा रहेको एकात्मक र केन्द्रीकृत शासकीय मानसिकताको उपज हो ।

अहिलेको सरकार संघीय राज्यव्यवस्थाअनुसार प्रत्यायोजन गरिएको संघ, प्रदेश र स्थानीय सरकारको अधिकार विभाजनप्रति पनि अस्पष्ट देखिन्छ। अहिलेको सरकार हिजोको केन्द्रीकृत सरकारले झैं सकभर शासकीय अधिकार केन्द्रमै निहित राख्न चाहन्छ । त्यसकारण अहिलेको सरकारले केन्द्रीय मन्त्रालयका अतिरिक्त ठूला र महत्वपूर्ण सबै विभाग केन्द्रीय सरकारकै मातहतमा राखेको छ । अहिलेसम्म सबै तहका कर्मचारी केन्द्रीय सरकार अन्तर्गत नै रहेका छन्। प्रदेश र स्थानीय सरकारको आर्थिक र प्रशासनिक क्षेत्रमाथि केन्द्रीय सरकारको हस्तक्षेप यथावत कायम छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत वर्ष स्थानीय तहलाई एकीकृत सम्पत्ति सम्बन्धी कानुन बनाई यो वर्षको साउन महिनादेखि अनिवार्य लागू गर्न निर्देशन गरेको थियो । सो निर्देशन अनुसार प्रायः सबै स्थानीय सरकारले कानुन बनाई पारित समेत गरे । तर सोही कानुनलाई गत असार महिनामा केन्द्रीय सरकारले खारेज गरिदियो । यो केन्द्रीय सरकारले गरेको हस्तक्षेपको एउटा उदाहरण हो। प्रदेश सरकारअन्तर्गत पर्ने यातायात क्षेत्रमा पनि केन्द्रीय सरकारबाट हस्तक्षेप भएको छ ।

**संघीयताको सिद्धान्त र भावना विपरीतको संविधान**

आदिवासी जनजातिको दृष्टिकोणमा संबिधानको सबैभन्दा सबल पक्ष संघीयता र गणतन्त्र हो । यी बाहेक धेरैजसो विषयमा नेपालको संविधान स्वयं त्रुटिपूर्ण छ । यो संविधानमा व्यवस्था भएको संघीयतालाई भौगोलिक प्रशासनिक संघीयता भनिन्छ । यसको शक्ति संरचना अत्यन्तै केन्द्रीकृत ढाँचाको छ। संघीय व्यवस्थाअनुसार संघभन्दा प्रदेश सरकार अधिकार सम्पन्न हुनुपर्दछ । तर नेपालमा प्रदेश सरकार अधिकारको हिसाबले अत्यन्त कमजोर छ । अवशिष्ट अधिकारलगायत प्रदेश र स्थानीय सरकारबीच प्राकृतिक स्रोत सम्पदा बाँडफाँड सन्दर्भमा उठेका विवादको टुङ्गो लगाउने अधिकार संघीय सरकारलाई छ । प्रदेश सरकारलाई निलम्बन, भंग, विघटन गर्ने अधिकार पनि केन्द्रसँगै राखिएको छ । यसले गर्दा प्रदेशको सरकार स्थिर नहुने निश्चित छ । वैदेशिक ऋण लिने अधिकार केन्द्रलाई मात्र दिइएको छ। प्रदेशको कर राजस्व अधिकारको क्षेत्र एवं दायरा अत्यन्तै साँघुरो गरिएको छ । पहिलो संविधानसभा, राज्य पुर्संरचना समिति र उच्चस्तरीय आयोगले प्रदेश सूचीमा सिफारिस गरेका कर राजस्व, प्राकृतिक स्रोत र आर्थिक अधिकार कटौती गरिएका छन् । यो संविधानमा राजस्व र आर्थिक अधिकारका दृष्टिले पनि केन्द्र अति शक्तिशाली र ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# श्रीमान्को अदालत

सँधै रैती मनुखेको मुद्दा फैसला गरेर जीवनको आखिरी समयसम्म गुजारेका सम्मान्ने श्रीमान्का विरुद्ध मुद्दा पऱ्यो । उनका विरुद्धको मुद्दा पन्ध्र जना मान्ने सदस्य श्रीमान्हर्को फूल बेञ्चको इजलासले हेर्ने भयो । त्यो पनि चुनाउ जितेर गएका मान्ने श्रमान्हर्को संसदीय इजलासमा । उनका विरुद्ध मुद्दा परेपछि झण्डै एक महिनासम्म इजलासमा गरमा गरम बहस चल्यो । यस्तो मुद्दा त पैला पैला पनि परिरहन्थ्यो । सदासर्वदाझैं यतिखेर पनि पऱ्यो । मुद्दा परेपछि सर्वोच्चका समान्ने श्रीमान् बयान दिन फूल बेञ्चको कठघरामा खडा भए । मान्ने श्रीमान्हर्को घण्टौं घण्टासम्मको प्रश्नै प्रश्नको बौछार सुनेपछि समान्ने श्रीमान्ले दश मिन्टमा आफ्नो जवाफ सुनाए । अर्थात् सँधै वकिलहर्को बादी प्रतिबादी बहस सुनेर पाँचदश मिन्टमा फैसला हान्ने बानी परेका समान्ने श्रीमान्ले यहाँ पनि दश मिन्टमा फैसला सुनाए। यहाँ उनले आफू प्रतिबादी हुँ भन्ने विर्सें क्यारे । बयान दिनुपर्नेले फैसला पो हाने । उनको फैसलाले मान्ने श्रीमान्हर्को मानमर्दन भयो । मान्ने सदस्य श्रीमान्हरू परे फसादमा । कठघरामा उभिएको प्रतिबादीले कठघराबाटै फैसला हान्ला भन्ने उनीहर्को कल्पनाकै कुरो थे'न । भयो त्यस्तै । अब हराउने कि जिताउने ? पऱ्यो फसाद। त्यस पछि महिना दिनसम्म पन्ध्रेभाइ मान्ने श्रीमान्हर्का बिचमा दगलफसल दगलफसल चलिरह्यो । सत्तापक्षका श्रीमान्हर्ले आफ्नो सत्ताअनुकूल नचल्ने समान्नेलाई खुस्काइदिने मौका यही हो भनेर कस्सिए। सत्ताको प्रतिपक्षका श्रीमान्हर्ले सत्तापक्षका विरुद्ध उभिने मौका यही हो भनेर न्वारानदेखिको बल लगाएर सम्मान्ने श्रीमान्का पक्षमा उभिए ।

मुद्दा पनि बडा विचित्रको पऱ्यो । जस्ले जीवनभर जेजसरी भएपनि न्याय अन्याय छुट्याएर फैसला हानेको श्रीमान्लाई तैं मुखिया श्रीमान् बन्न योग्य छस् कि छैनस् भनेर तुलोपानी लाउनु पर्ने मुद्दा । जीवनभरी मान्ने श्रीमान् न्यायमूर्ति बनेर दुनियाँलाई हराउने जिताउने काम गरे । त्यतिवेलासम्म उनी अब्बल दर्जाकै मान्ने श्रीमान् बनिरहे । उनका विरुद्ध कसैले दागा धरेन । हराउनेलाई जिताए पनि जिताउनेलाई हराए पनि कसैले त्यसको सोधीखोजी गरेन । यसरी न्याय अन्याय छुट्याएर फैसला हान्ने बानी परेर जीवनको पिण्डार्ध्र उमेरमा पुगेका बेला सम्मान्ने श्रीमान् बन्नै लाग्दा जागिरै धरापमा पर्ने गरी मुद्दा पर्नु कम्ता कुरो हो र ? का.बा. अर्थात् हाफ सम्मान्ने बन्न पनि उनलाई कसैले रोकेन । तर फूल सम्मान्ने बन्न उनलाई फलामको गजबार तेर्सियो ।

पन्ध्रजना मान्ने श्रीमान्हर्को फूल बेन्चमा परेको मुद्दा उक्त बेन्चले फैसला हान्न सकेन । मान्ने श्रीमानहरू पक्ष विपक्षमा उभिए । मान्नेहर्को बेन्चले फैसला हान्न नसक्ने अवस्था आयो । मुद्दाको उजुरी र सम्मान्ने श्रीमान्को बयान एक कान दुई मैदान हुँदै पत्रपत्रिकासम्म पुग्यो । फेसबुके भित्तादेखि विजुली पत्रिकासम्मले धुमधडाकाका समाचार छापे, लेखे । त्यसपछि यो मुद्दा हेर्ने जिम्मा सत्तापक्षीय दलिकस क्युरीमा पुग्यो । अदालतमा न्यायमूर्तीहरूको बेन्चमा विवाद भएपछि एमिकस क्युरी गठन गरेर त्यसलाई हेने जिम्मा दिएजस्तै राजनीतिमा पनि दलिकस क्युरी गठन गर्ने प्रावधान हुन्छ । त्यसैले सत्ताका मुखिया सम्मिलित दलिकस क्युरीले सम्मान्नेको बयानलाई अमान्ने घोषणा गरी निजलाई सम्मान्ने श्रीमान् बनाउन अयोग्य ठहर गर्नु भनि सुझाउ (उर्फ आदेस्) पठायो । त्यसपछि कानुनी रूपमा मान्ने सदस्य श्रीमान्हर्को बेन्च कार्यकारी भएपनि यथार्थमा दुइतिहाई बहुमत प्राप्त इतिहासकै सर्वाधिक बलियो सरकारका मुखिया सम्मिलित दलिकस क्युरी (डिफ्याक्टो इजलास) कार्यकारी रहेको क्युरीको आदेश मान्नु पर्ने अवस्था मान्ने श्रीमान्हर्को बेन्चलाई आयो । दलिकसक्युरीको छत्रछायाँमा रहेको इजलासले आफ्नो स्वविवेक प्रयोग गर्ने कुरा आएन । आउने कुरो पनि त हैन । अन्तमा फूल सम्मान्ने हुनमा रोकावट आयो । यसरी हाफ सम्मान्ने श्रीमान्ज्यूलाई जीवनको पिण्डार्द्ध उमेरमा आएर उनको पढाईलेखाईदेखि उनले गर्ने निया निसाफमासमेत खग्रास ग्रहण लाग्यो । उनी अयोग्य घोषित भए ।

यसरी सम्मान्ने श्रीमान् हुन अयोग्य ठहर गरिनुका निम्न कारणहरू रहे -

१. सम्मान्ने न्यायमूर्ति बनेर न्यायालयको नेतृत्व गर्ने हुती, जोस जाँगर क्यै नभएको, जोस हुनुपर्नेमा जोशी भएको,

२. उनका विरुद्धमा परेका उजुरबाजुरहर्को चित्तबुझ्दो जवाफ दिन नसकेको,

३. पढाई लेखाईमा पनि गडबड गरी ढाँट्टढुँट्टे प्रमाणपत्रका खोस्टा बोकेर गजक्क परेको,

४. बाहिरफेरा हिँड्दा-डुल्दा, खाँदा-प्युँदा, हाच्छ्युँ गर्दा, खोक्दा, बोल्दा, उठबस गर्दा, अरुले नमस्कार गरेको बेला नमस्कार फर्काउँदा, मर्निङवाक गर्दा, ब्याटमिन्टन खेल्दा वर्दा, आचरण राम्रो नदेखाएको, अरुको खान मात्रै पल्केको, आफूले ख्वाउन नजानेको,

५. आजसम्म सर्वोच्चमा बसेर निया निसाफ गर्दा एकपक्षलाई जिताएको र अर्को पक्षलाई हराई उचित निया निसाफ दिन नसकेको,

६. निजको कामबाट निया निसाफ स्वच्छ, निष्पक्ष र धाँदली रहित हुन नसक्ने ठहर दलिकस क्युरीले गरेको हुनाले,

उपर्युल्लिखित कारणहरूले गर्दा यस मान्ने सदस्यहर्को इजालस विस्वस्त हुन नसको हुनाले निज हाफ सम्मान्ने श्रीमान्लाई फूल सम्मान्ने श्रीमान्मा बढुवा गर्न नसकिने ठहर गर्दछ । साथै श्रीमान्ले यो इजलासको फैसलालाई अटेरी गरी पदमा बसिराखेर अरुको बाटो छेकथुन गर्न खोजेमा महाअभियोग लगाएर महाकुम्भ इजलासमा पेस गरिने चेतावनी पनि दिने ठहर गर्दछ ।

*२० साउन २०७५*

*kailubraha73@gmail.com*

# ‘वाम’ सरकार तस्करी, कालोबजारी र माफियाको जालोमा जेलिन पुगेको छ



❑ दिनेश शर्मा

***संगठन विस्तार तथा जनपरिचालन अभियान कस्तो रह्यो ?***

पहिलो कुरा, हाम्रो पार्टीको खासगरी पोखरामा भएको राष्ट्रिय सम्मेलनपश्चात् बसेको केन्द्रिय समितिको पौषमा बसेको बैठकले संगठन र फेरि पनि संगठन भन्ने मूल उदेश्यका साथ तीन महिने संगठन निर्माण अभियान सञ्चालन गरेको थियो । त्यो तीन महिनापछि फेरि दुई महिना थपेर चैतमा बसेको पोलिट व्यूरोको बैठकले पाँच महिनाको हाम्रो कार्यक्रम जारी राख्यो । त्यो अभियान मुख्यतः हाम्रो संगठनलाई व्यबस्थित पार्ने र संगठनलाई संस्थागत रूपमा अगाडि सार्ने भन्ने मूल उद्देश्य थियो । त्यसलाई वैचारिक, राजनीतिक र साङ्गठनिक लगायत विविध वस्तुहरूलाई समेटेर सबै नेता कार्यकर्ताहरूको आफनो विचार राजनीतिलाई एक स्टेप अगाडि उठाउने भन्ने थियो ।

तदनुरूप अन्तिममा जिल्ला सम्मेलनहरू र भेलाहरू गरेर संश्लेषण गर्ने भन्ने तयारमिा हामी लाग्यौं । पार्टीको मकसदअनुसार पूर्ण रूपमा पूरा हुन नसकेका कामहरू सीसीको बैठकसम्म आउँदा पूरा पनि भए । तर अपेक्षा गरे अनुरूप बाँकी रहेकालाई पूरा गर्न केही समय पनि थप गरिएको छ । मूल रूपमा पार्टीले अभियान सफल भएको निस्कर्ष निकालेको छ ।

दोस्रो कुरा त्यसपछि अब बाकीँ रहेका जुन कामहरू छन्, ती कामहरूलाई हामीले आश्विनसम्म पूरा गर्ने कार्यक्रम बनाएका छौं । अहिले चाहिं संगठन, संघर्ष र संगठन भन्ने मूल उदेश्यका साथ अगाडि सारेर बाँकी रहेका भेला र सम्मेलनलाई पूरा गर्ने तयारीमा छौं । त्यसपछि आगामी दिनमा हामीले जनवर्गीय संगठन र मोर्चा संगठनहरूको व्यापक रूपमा विस्तार गर्ने सोचेका छौं । अहिले जसरी देशमा एक प्रकारको एक खालको महङ्गी, भ्रष्टचार र कालोबजारी र कमिसनखोरी लगायत विविध वस्तुरुसँगै जनताका दैनिक जीवनमा गाँसिएका थुप्रै विषयवस्तुहरू र करहरू वृद्धि सरकारले गरेको छ, यसका विरुद्ध हामीले क्रमिक रूपमा आन्दोलन अगाडि बढाउनु पर्ने आवश्यता महसुस गरिरहेका छौं ।

राष्ट्रियता एक पछि अर्को गर्दै कमजोर भएको छ । त्यो राष्ट्रियताको विषयलाई पनि लिएर आन्दोलन अघि बढाउने आवश्यकता हामीले देखेका छौं । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई अगाडि लिएर हामीले क्रमिक रूपमा आन्दोलनलाई पनि सँगसँगै लैजाने सोचका साथ हामी अघि बढिरहेका छौं ।

***संघर्षका कार्यक्रमहरू पनि साथै लैजाने कार्यक्रम छ ?***

पहिलो कुरा, हाम्रो पार्टीले देश र जनतासँग सम्बन्धित विषयहरूलाई उठाउँदै गएको छ । भ्रम र संघर्षका कुरा गर्दा विगतमा पनि कतिपय प्रतिक्रियावादीहरूको भ्रम परेर र कतिपय नव प्रतिक्रियावादीहरूको भ्रममा परेर जनता रनभूल्लमा परेका थिए नै । आज पनि कम्युनिस्टको खोल ओढेर देखा परिरहेका छन्, चाहे त्यो निर्वाचनको क्रममा होस् या सरकार गठनको प्रक्रियामा होस् । यी नाटकहरूको क्रममा सोझासाझा गरीब, किसान तथा स्थानीय जनताहरू भ्रममा परेका छन् । आदिवासी, जनजातिमा र कतिपय मानिसहरूमा उनीहरूले भ्रम पार्ने कोशिस गरेका थिए र छन् पनि । अहिले क्रमिक रूपमा ती भ्रमहरू साफ हुँदै गएका छन् पनि । तिनका ठाउँमा हामीले उठाएका एजेण्डाहरू र वाचाहरूमा जनताहरू स्पष्ट र आकर्षित हुँदै गएका छन् । अहिले हाम्रो पार्टी र हाम्रो पार्टी अन्तरगतका जनवर्गीय संगठन र मोर्चा संगठनहरू परिचालित गरिँदै छ । जनताहरू हाम्रा एजेण्डामा अघि बढ्न थालेका छन् ।

***यो सरकारले थोरै पनि आलोचना र विरोध सहन सक्दैन । कसरी अघि बढाउनुहुन्छ संघर्षका कार्यक्रमहरू ?***

वाम खोल ओढेको र आफूलाई कम्युनिस्ट भन्ने सरकार छ अहिले । वास्तवमा वामपन्थीहरूलाई बदनाम गर्न र सिध्याउन यो सरकार बनाइएको हो । उनीहरूले वाम लोगो प्रयोग गरेर भ्रम फैलाउने प्रयास गरिरहेका छन् । यी द्रुत गतिमा पतन हुँदै गएका नव प्रतिक्रियावादीहरू नै हुन् । उनीहरू जनताले आफ्नो अधिकारको माग गर्छन् भनेर त्राहिमाम छन् । जनताले आन्दोलन गर्छन् भनेर निकै तर्सिएका पनि छन् । उनीहरू त यति धेरै डराएका छन् कि उनीहरूले जनता भेला हुन पाउने, संगठित हुन पाउने, विरोध र सभासम्मेलन गर्न पाउने यी सारा अधिकारबाट जनतालाई वञ्चित गर्ने प्रयत्नमा छन् । जनतालाई दिइने अधिकारबाट कुण्ठित बनाउने कदम एकपछि अर्को गरेर चालिरहेका छन् ।

उनीहरूले सहरहरूमा, चोकहरूमा, गल्लीहरूमा, गाउँहरूमा र टोलहरूमा पनि जनताले बोल्न र विरोध प्रदर्शन गर्न नपाउन भनी सार्वजनिक रूपमा प्रतिबन्धहरूको घोषणा गरेका छन् । जनतालाई धरपकड गरिरहेका छन् । सामान्य विरोध पनि लाठी चार्ज गरेर अश्रुग्याँस हानेर र हवाइ फायर गरेर राज्य आतंक मच्चाइरहेका छन् । यो जनताले प्रत्यक्ष देखिरहेका छन् र भोगिरहेका पनि छन् । यो फासीवादतिर उन्मुख भइरहेको छ । यो फासिवाद जतिजति जनताका आवाज दमन गर्नेतिर लाग्छ, उतिउति जनता पनि त्यसको प्रतिरोधमा उत्रन्छन् र यो समाप्त भएर जान्छ ।

***तर पनि यिनीहरूले भन्ने गरेको कम्युनिस्ट हौं भन्ने भ्रमलाई कसरी चिर्न सकिएला ?***

पहिलो कुरा, हामीले हाम्रा कुरा जनताका बीचमा स्पष्ट रूपमा राखेर जानु पर्छ । दोस्रो कुराउनीहरूले जनतालाई उठ्नै नदिने गरी कर, महंगी, भ्रष्टाचार, तस्करी, कालाबजारी र मुद्रास्फिति थोपरिरहेका छन् । यस्ता जनविरोधी गतिविधिका विरुद्ध हामीले संघर्ष उठाउन थालेका छौं । यी र यस्तै संघर्षका कार्यक्रमहरू अघि बढाएर हामीले जनतालाई साथ लिएर जान सक्छौं ।

हामीले जनतालाई जनताको हक, हित र अगुवाइ गर्ने यही पार्टी मात्र हो भन्ने बनाउँदै जाने छौं । जनताका बीचमा स्थापित त छँदै माओवादी पार्टी । यसलाई आजको सन्दर्भमा फेरि पनि स्थापित गर्दै लैजाने छौं ।

***जनता संघर्षप्रति त्यति आकर्षित छैनन् । जनता संघर्षमा कसरी आउलान् ?***

पटकपटकका आन्दोलनबाट जनताले धोखा खाएको सत्य हो । जनताका आशा, अपेक्षा र विश्वासमाथि कुठाराघात भइसकेपछि जनताले केही अनिच्छा राख्नु स्वभाविकै पनि हो । तर एउटा पक्ष के हो भने हामी सधैंभरि जनताका पक्षमा रहिरह्यौं । उनीहरूकहाँ अभिव्यक्त गरेका बाचाहरू भुलेका छैनौ । जे कुरा जनताका बीचमा भनेका थियौं त्यसमा अडिग छौं हामी ।

यी कुरा लिएर जनताका बीचमा गएपछि जनताले साथ दिने छन् । संघर्ष जनताका लागि हो सहभागी हुने छन् । यो अलमल र निराशा लामो समय रहन दिने छैनौ । २००७ साल, २०२७ साल, २०३६ साल २०५२ साल त्यसपछि पनि जनयुद्धकै क्रमा जनतामा कहिले निराशा र कहिले आशा त आउने गरिहेको छ त नि । तर अहिलेको निराशालाई लामो समय रहन दिने छैनौ ।

६. ***त्यसो भए परिस्थितिलाई डोर्‍याउन सक्नुहुने छ ?***

एकदम, सक्ने छौं । डोर्‍याउने भनेको विचार, नीति तथा कार्यक्रमले नै हो । हामीले देशको, जनताको र जनताका लागि चाहिने शासन व्यवस्थाको प्राप्तिको संघर्ष अघि बढाउँदै छौं । हामीले यी र यस्ताखाले कार्यक्रमहरू बीचबीचमा गरिरहेका पनि छौं ।

अहिले आदिवासी जनजातिले पहिचानको माग गर्दै आन्दोलन गरिरहेका छन् । उनीहरूले आफ्नो पहिचान र मुक्तिका लागि ठूलाठूला त्याग र बलिदान पनि गरिरहेका छन् । महिला, दलित, मुस्लिम, सबैले आफूहरूलाई विगतका युद्ध र आन्दोलनहरूमा समाहित गरिरहेका छन् ।

तर विडम्वना, जसले १० वर्षको जनयुद्धको नेतृत्व गरेका थिए, उनैले अहिले जनताका मागहरू र पहिचानहरू अस्वीकार गरिरहेका छन् । उनैको नेतृत्वमा आज प्रतिक्रान्ति हुन पुग्यो । आउँदै गर्दा त कति सम्म पनि भयो भने तिनै मान्छेहरू नवप्रतिक्रियावादमा परिणत हुँदै गए ।

पहिचानको कुरा गर्दा त १४ प्रदेशबाट सात प्रदेशमा आएका थिए । तर आज ती सात प्रदेश पनि पहिचान विपरीत नामाकरण गर्न थालिएका छन् । आदिवासी जनजाति आज पनि आन्दोलनमा छन् । हाम्रो पार्टी यी आन्दोलनमा आदिवासी जनजातिका साथमा छ ।

***त्यसो भए अबको आन्दोलन सबैलाई समेटेर युनिफाइड बनाएर लैजाँदै हुनुहुन्छ ?***

हो, एकदम । पहिलो कुरा के हो भने हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी) सर्वहारा वर्गको अग्रदस्ता हो । यो सर्वहारा वर्गीय पार्टी हो । यसमा उत्पीडित जाति क्षेत्र, लिंग र वर्ग समेटिन्छन् । उनीहरूको भरोसायोग्य साथी भनेको हाम्रो पार्टी नै हो ।

हामी उनीहरूका सबैभन्दा नजिकका साथी हौं । कमरेड हौं । उनीहरू विश्वस्त हुँदै छन् । आन्दोलनमा हामीहरू साथमा छौं । उनीहरूको भर हामीलाई र हाम्रो भर उनीहरूलाई ।

***अन्त्यमा केही कुरा राखि दिनुहुन्छ ?***

अन्त्यमा, हिजो आन्दोलनमा लागेका तर आज दिग्भ्रमित हुन पुगेका हाम्रा साथीभाइहरूलाई फेरि सोच्न आह्वान गर्दछु । आन्दोलन र मुक्तिभन्दा हाम्रो जीवन टाढा छैन । कतिपय शिथिल भएका साथीहरूलाई क्रियाशील हुन सल्लाह दिन्छु । आम जनसमुदायले मुक्ति र समानताका लागि फेरि एकपटक आन्दोलन उठाउन जरुरी छ । यही आह्वान गर्न चाहन्छु ।

# जनता विकल्प खोजिरहेका छन्



❑ हरिकृष्ण गजुरेल

***सम्पर्क मञ्चको पृष्ठभूमि बताइदिनोस् न***

सम्पर्क मञ्च देशभरबाट काठमाडौँ उपत्यकामा बस्न आएका र जम्मा भएका साथीलाई सम्पर्कमा ल्याउनका लागि बनाइएको हो । यहाँ आएका देशभरका साथीहरू स्थायी वा अस्थायी रूपमा पेशा व्यवसाय, अध्ययन, अध्यापन आदिमा संलग्न भएर बसिरहनु भएको छ । आमूल परिवर्तन, सामाजिक परिवर्तन, उत्पीडित जति क्षेत्रको हक र अधिकार सुनिश्चित हेनै पर्छ । अग्रगामी सोच राख्ने साथीहरू यसमा आबद्ध गर्न गराउन यो मञ्च स्थापना गरिएको हो ।

यहाँहरू राष्ट्रियता, जनतन्त्र र जननीविकासका सवालहरूलाई लिएर उठ्ने उठाउने संघर्षमा सहभागी हुनुहुन्छ । विगतमा हाम्रो यो मञ्च निर्माण र सञ्चालन राम्रो गरी भएको ताजा इतिहास छ । लाखौँ साथीहरू यसमा आवद्ध हुनुभएको थियो । हामीले देशभरका ७५ जिल्लाका साथीहरूलाई यो मञ्चमा आवद्ध गरेका थियौं । त्यति बेला जनगणतान्त्रिक सम्पर्क मञ्च नामाकरण गरेका थियौं । त्यो क्षेत्रका हिसाबले काठमाडौँ उपत्यका नै हुन्थ्यो । तर रमाइलो कुरा त के भने सिंगो देश त्यहाँ हुन्थ्यो । त्यो सम्पर्क मञ्चभित्र पार्टी जिल्ला कमिटी पनि बनाइएको थियो ।

***भिन्न स्वरूपसहित निर्माण गरिएको सम्पर्क मञ्चका आगामी कार्य्रक्रमहरू कस्ता खालका छन् ?***

हामीले सम्पर्क मञ्च निर्माण गरेका छौँ । तर पहिलेका जस्तो पार्टीको जिल्ला संगठनको कल्पना गरिएको छैन । हामीले सम्बन्धित जिल्लाका शुभचिन्तकहरूलाई मञ्चमा आवद्ध गर्दछौँ । पहिले जस्तै राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग जोडिएका विषयहरूमा र जातीय क्षेत्रीय लिङ्गीय उत्पीडन र त्यसबाट मुक्तिका लागि चल्ने संघर्षहरूमा त्यो मञ्च सहभागी हुन्छ । संगठन, संघर्ष र क्रियाशीलतालाई ख्यालगर्दै देश र जनताका समस्याहरू समाधानमा प्रत्यक्ष सहभागी बराउँछौं ।

यी कामहरू गर्दा यो देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल र त्रान्तिकारी माओवादीका कार्यक्रमहरूसँग जोडिएर अघि बढ्ने छ ।

***त्यसो भए यसले देश र जनताका हितहुने कुरालाई लिएर आन्दोलनको वातावरण सिर्जना गर्छ ?***

यसले देश र जनताका हितहुने कुराहरू पूरा गर्न उठ्ने आन्दोलनहरूको सहयोगीको भूमिका निर्वाह गर्छ । आवश्यक पर्दा केही आन्दोलनको नेतृत्व पनि गर्छ । अग्रगामी सोच र चिन्तन, नीति तथा कार्यक्रमहरूलाई यसले सहयोग गर्छ ।

यो अग्रगामी आन्दोलनको साझेदार पनि हो । यसले देजमोको कार्यक्रम आत्मसातीकरण गर्छ ।

***यसको संगठित स्वरूपबारे बताइदिनोस् न ।***

यसको सांगठनिक स्वरूप मोटामोटी रूपमा समन्वयकारी नै रहन्छ । यसको केन्द्र हुन्छ र जिल्लाहरू हुन्छन् । यसको मुख्य काम काठमाडौँ भ्यालीमा आइसकेका र आइबसेकाहरूलाई संगठित गर्नु हुनेछ । यो खुल्ला खालको हुन्छ । यसका नीति तथा नियमहरू पनि तदअनुरूपका हुन्छन् । यसमा मुख्यतः अग्रगमनका पक्षधर, क्रान्तिका समर्थक र शुभचिन्तकहरू हुन्छन् ।

***यसको सांगठनिक दायरा कति हुन्छ ? ककसलाई समेट्छ यसले ?***

यसले प्रगतिशील, वामपन्थी, राष्ट्रवादी र जनपक्षीय व्यक्ति तथा व्यक्तित्वहरूलाई पनि समेट्छ । परिर्वतनका पक्षपातीहरू, न्यायका पक्षधरहरू र जनताका हकअधिकार चाहनेहरू, गरिखानेहरूका र अधिकार स्थापित गरिनुपर्छ भन्ने मान्यता राख्नेहरू यसमा अट्छन् । राष्ट्रलाई स्वाधीन बनाउनु पर्छ भन्नेहरू पनि यसमा अट्छन् । यसमा गास, बास, कपास शिक्षा र स्वास्थ्यलगायतका अधिकारहरू सुनिश्चित गर्नु पर्छ भन्नेहरू सबै अट्छन् ।

***यसका तत्कालका केही कार्यक्रमहरू छन् ?***

हाम्रो अहिलेको मुख्य काम संगठन निर्माण नै हो । संगठन निर्माण र विस्तारमा हामीहरू लागिरहेका छौँ । कतै गठन पुनर्गठनको प्रतिक्षामा छौँ । बन्ने क्रम जारी छ । जनताले अहिले विकल्प खोजिरहेका छन् । जनताको वास्तविक रूपमा अधिकार स्थापनाका लागि आमूल परिवर्तनको विकल्प छैन भन्ने जनताले राम्ररी बोध गर्दै गएका छन् । हाल आमूल परिर्वतन ल्याउन नसकिएकाले जनता पीडामा छन् । यस्तो अवस्थामा हामी राष्ट्र, राष्ट्रियता र जनपक्षीय कार्यक्रम अघि बढाउने सोचमा छौं । त्यो सोंचलाई देजमो र क्रान्तिकारी माओवादीले नेतृत्व गर्ने छ । संगठन र संघर्षको तालमेल मिलाएर जान्छौँ ।

***मञ्च एउटा संगठन पनि भयो । संगठन हुनुको नाताले वर्तमान सरकार प्रतिको धारणा के छ ?***

अहिलेको सरकार स्वरूपमा वाम र सारमा दक्षिणपंथीहरूको सरकार हो । यो सरकार जनताको नाममा जनतालाई ठग्ने र भ्रममा पारी शोषक वर्गको राज्यसत्ताको आयु लम्ब्याउने सरकार हो । त्यो गोविन्द केसीको आन्दोलनले छ्र्लङ्ग पारेको छ । एउटा निहत्था नागरिक जो सत्याग्रहमा छ, उसलाई अधिनायकवादी भन्ने र जो दमनकारी सत्ताको हर्ताकर्ता छ, ऊ नै प्रजातन्त्रवादी बन्ने । यो त हुँदैन र हुन पनि सक्दैन । अर्कोतिर गोविन्द केसीले उठाएका माग जनपक्षीय हुने र वामपन्थीको सरकार जनविरोधी साबित हुने । यति भएपछि त यो सरकार नौटङ्की सरकार मात्र हो ।

यो वामको नाममा सबै वामहरूलाई सिध्याउने सरकार हो । यो सरकारले न त देशको सुधार गर्छ, न त आफू नै सुध्रन्छ, यति छोटो समयमा यसले जनतालाई विकल्प खोज्न लगाएको छ ।

***अहिलेको सरकारसँग जनताका मागहरू राख्नुभएको छ ? यसले त नसुनेको र नदेखेको पनि हुनसक्छ ? भूपी शेरचनको घुम्ने मेचमाथिको अन्धो मान्छे झैं ?***

यो सरकारबाट त केही पनि हुँदैन । कोही पनि सन्तुष्ट छैनन् र सबै छोटो समयमै वाक्क र दिक्क भइसकेका छन् पनि । हामीले संघर्षका कार्यक्रमहरूसँगै यो सरकारसँग जनता र देशका मागहरू राख्ने छौँ । केही मागपत्रका रूपमा त अरु केही सडक आन्दोलन, त्यसका नारा र आवाजसहित राख्ने छौँ ।

भर्खरै देजमोले देश, जनता र जनजीविकाका सबै मागहरूलाई सूत्रबद्ध गरेर संघीय सरकारका प्रधानमन्त्रीलाई बुझाइएको छ । त्यसैमा सम्पर्क मञ्चका मागहरू पनि समावेश भएका छन् ।

हामी सच्चा गणतन्त्रवादी, प्रगतिशील, देशभक्त र परिर्वतनकामी शक्ति र व्यक्तिहरू यसबारेमा प्रष्ट छौँ । अधिकार मागेर पाईंदैन, खोसेर लिनुपर्छ । सत्ता कसैको कृपा वा अनुकम्पाबाट पाइने कुरा होइन ।

***अन्त्यमा केही कुरा राखिदिनुस् न ।***

सम्पर्क मञ्च परिर्वतनका पक्षधरहरूको संगठन भएकाले देशको आमूल परिर्वतनका लागि हुने जुनसुकै कार्यक्रमहरूमा हामी एकसाथ छौँ । विना क्रान्ति आमूल परिर्वतन हुँदैन र आमूल परिर्वतनविना जनताका हकअधिकारमा स्थापित हुँदैनन् । हामी यो लक्ष्य र बाटोमा समर्पित छौँ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# हेर्दाहेर्दै प्रचण्डजी एमालेमा बिलाएर सिद्धिनु भो

● **महेन्द्र राय यादव**

यो देशमा पहिचान सत्तासिन जातिलाई होइन, मधेशी, थारु, आदिवासी, जनजाति र उत्पीडित जनसमुदायलाई चाहिएको हो । भन्दा र लेख्दा समावेशी लोकतन्त्रको कुरा गरिएको छ । तर व्यवहारमा त्यो छैन । आदिवासी जनजातिले जातिय पहिचानका लागि उठाएको मुद्दालाई पूर्ण समर्थन गर्दछौं । यो देश हाम्रो हो । यो राष्ट्रिय देश हो, बहुराष्ट्रिय देश हो । आजको प्रस्तुत कार्यपत्रमा पनि यो कुरा उल्लेख गरिएको छ ।

नेपाल बहुराष्ट्रिय देश हो भन्ने राष्ट्रिय जनता पार्टीको ठहर छ । पृथ्वीनारायण शाहको पालामा भएको नेपालको एकीकरण होइन, विस्तार भएको हो । केवल भौगोलिक विस्तार हो । यसमा भावनात्मक एकता छैन । सबै जातजाति र भाषाभाषीले गरेका आन्दोलनको संयुक्त प्रतिफल हो यो संविधान ।

हामी आदिवासी, जनजाति र मधेशी आफ्नो कुरामा कम विश्वास गर्छौं र अरुको कुरामा बढी विश्वास गर्छौं । अरुको लहलहैमा बढी लाग्छौं । मेरो अनुरोध आफ्ना कुरामा बढी विश्वास गरौं । आफूले आफूलाई विश्वास गरौं । जुन समुदाय वा जातिले आफ्नो इतिहासलाई ख्याल गर्दैन, त्यसको पहिचान नै मेटिन्छ । भविष्य नै रहँदैन । जुन दिन हामी आफ्नो इतिहास सम्झन्छौं, त्यहि दिन हाम्रो पहिचान आउने छ र भविष्य हाम्रो हातमा हुने छ ।



हामी आदिवासी, जनजाति र मधेशी केन्द्रीय शासनको उत्पीडन र एकल जातिय राज्यसत्ताविरुद्ध उभिएका छौं । हामीले भोगिरहेका समान पीडालाई एकताबद्ध भएर अन्त्य गरौं । जातिय समस्या नै हल नभइकन वर्गीय समस्याको हल संभव छैन ।

प्रचण्डजी एमालेमा जानु भयो । मैले उहाँलाई भनेको थिए- तपाईंले पहिचानको आन्दोलन उठाउनु भयो, तर एमाले पहिचान विरोधी छ । तपाईं सिद्धिनु हुन्छ । उहाँ हेर्दाहेर्दै त्यहाँ गएर सिद्धिनु भयो । उहाँको पार्टीले अहिले एकल जातिय सरकार चलाइरहेको छ । नेकपाको यो सरकार महेन्द्रीय राष्ट्रवादको विस्तावादी रूप हो । यस्तो अवस्थामा संघीय संविधान नै लागु हुँदैन ।

हाम्रो छिमेकी देश भारतमा आज ७० वर्षपछि पहिचानको जागरण आउन थालेको छ । हिन्दुवादी किनारा लाग्दै छन् । मायावती भारतको प्रधानमन्त्रीको उम्मेदवार बन्दै छिन् । भारतमा पहिचानको मुद्दा उठ्दैछ । हामी मधेशी, जनजाति मिलेमा देशको शासन व्यवस्था हाम्रो हातमा आउने छ ।

त्यसैले मेरो सल्लाह हामीले आफ्नै जनजातिको पार्टी खोलौं । आफ्नो आन्दोलनलाई अघि बढाऔं । प्रचण्डजी, ओलीजी र कांग्रेसबाट यो समस्या समाधान हुँदैन । प्रचण्डजी यही बस्नु भएको छ, उहाँले केही पनि गर्दै हुनुहुन्न । जसको मुद्दा हो, उही नै उठ्नु पर्दछ ।

हामी धोखामा परेका जनसमुदाय हौं । हामीले आफ्ना मित्र र शत्रु चिन्नु पर्छ । यदि चिन्न सकिएन भने हामी हराइन्छौं । लखेटिन्छौं । जनजातिहरू सबै पार्टीहरूमा रहेका छौं । यहाँ मोर्चाका कुरा गर्छौं, तर पार्टीमा गएपछि त्यही पार्टीको ह्विप स्वीकार गर्छौं । अनि कसरी हुन्छ जनजातिका मुद्दाको समाधान ? यता आएर जनजातिका समस्या समाधान भएन भनेर आँशु चुहाउने तर पार्टीमा गएर चाकरी भजाउने ? यता जोजोल्पा, उता प्रचण्डजी र ओलीजीलाई लालसलाम !

मधेशी जनता पनि देशको स्वाभिमानको पक्षमा छन् । हामी मधेशीले यही काठमाडौंमा शासन गरेको इतिहास साक्षी छ । हामी चाहन्छौं, मधेशी र जनजाति मिलेर केपी ओली र प्रचण्डको वामसत्ता ध्वस्त गरिदिनु पर्छ । ध्वस्त भन्ने शब्द प्रचण्डजीको हो । अब हाम्रा बैरी र मित्र चिन्नै पर्छ । काठमाडौंमा हामी मधेशी र आदिवासी जनजातिको संयुक्त आन्दोलन चलाउन चाहन्छौं ।

ओली र प्रचण्डजीको राष्ट्रवादी चेहरा हामीले देखिसकेका छौं । उहाँहरूको चेहरामा विभिन्न कुराहरू लुकेका छन् । केपी ओलीले बयलगाडामा चढेर अमेरिकाबाट गणतन्त्र आउँछ भनेर तात्कालीन गणतन्त्रका आन्दोलनकर्तालाई प्रश्न गरेका थिए । आज नेपालमा आएको गणतन्त्र केपी ओलीको बयलगाडा चढेर आएको गणतन्त्र जस्तै भएको छ ।

अब हामीले मिसाइलबाट गणतन्त्र ल्याउन जरुरी छ । त्यो आदिवासी, जनजाति र मधेशीको एकताबाट मात्र संभव छ । हिंजो लड्दा प्रचण्डको सिको गर्‍यौं । तर आजका दिनमा भने हामी प्रचण्डको सिको गर्दैनौ । प्रचण्ड र ओलीको सिको र अनुशरण गर्नु हाम्रालागि हितमा छैन

## रूपन्देहीको सुनवल नगरको ८ नं. वडामा देजमो गठन

सुनवल । देशभक्त जनगणतान्त्रिक मोर्चा सुनवल नगरपालिका वडा नम्बर ८ को अस्नैयामा भएको भेलाले मनकुमारी सुनारको नेतृत्वमा ७ सदस्सीय वडा कमिटी चयन गरेको छ ।

वडा समितिको संयोजकमा मनकुमारी सुनार र सदस्यहरूमा चन्द्रमान मानन्धर, हरि श्रेष्ठ, ऋषिराम बिक, टंकप्रसाद श्रेष्ठ, अन्जु मानन्धर र सिर्जना श्रेष्ठ चयन भएका छन । शनिवार भएको भेलामा नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सेक्रेटरी चोला, जिल्ला सचिवालय सदस्य लालसिंह देशभक्त जनगणतान्त्रिक मोर्चाका जिल्ला संयोजक राजुप्रसाद खनाल, क्रान्तिकारी बुद्धिजीवी मञ्चका जिल्ला संयोजक भागीरथ चापागाई लगायतले मन्तब्य राखेका थिए । त्यस्तै नेकपा (क्रान्तिकारी माओवादी)ले संगठन विस्तार अभियान अन्तरगत भेला गरिएको जनाएको छ ।

## सिरहामा देजमोको जिल्ला कमिटी निर्माण

लहान । हालै भएको एक भेलाले नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको सिरहा जिल्ला कमिटि निर्माण गरेको छ । प्राप्त समाचार अनुसार भेलाले किरण चौधरीको संयोजकत्वमा ११ सदस्सीय मोर्चाको जिल्ला कमिटि निर्माण गरेको हो । उक्त कमिटिका सदस्यहरूमा उमेश साह, विष्णुलाल महतो, चन्द्र मण्डल, अशेश्वर शर्मा, लहमी महतो, प्रदिप यादव, विश्व सिंहलगायत रहेका छन् । पार्टीका पिविएम तथा २ नं. प्रदेश सचिव रमेशको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलामा पार्टी केस जितेन्द्र, देजमोका प्रदेश सचिव रामनारायण सिंहलगायतका नेताहरूको उपस्थिति रहको थियो ।

# न्यायालयमा अझै पनि संकट



काठमाडौं । कामु प्रधान न्यायाधीश दीपकराज जोशी १५ दिनको विदामा बसेका छन् । तर त्यसपछि उनी के गर्छन् भन्ने कुरा अझैं पनि खुलाएका छैनन् । संसदीय सुनुवाइ समितिबाट प्रधान न्यायाधीशका लागि अस्वीकृत भएपछिको अन्यौलता केही हटाउन उनी राष्ट्रपति विद्यादेवी भण्डारीलाई भेट्न पुगी यो निर्णय गरेको बताएका थिए ।

संसदीय सुनुवाइ समितिले संवैधानिक परिषद्को सफिरिश विपरीत दीपकराज जोशीलाई प्रधानन्यायाधीशमा सिफारिश अस्वीकृत गरेपछि संवैधानिक संकट देखा परेको थियो । देशमा लामो समयदेखि न्यायालयमा रहिआएको न्यायालय प्रमुखको रिक्तता फेरि पनि रहनसक्ने वातावरण छाएको थियो ।

अर्को कुनैको नियुक्तिका लागि पनि कि त प्रधानन्यायाधीशका लागि सिफारिश गरिएका दीपकराज जोशी मानसिक र शारीरिक रूपमा असक्षम छन् भन्न सक्नु पर्छ । कि त महाअभियोग लागेको अवस्था हुनुपर्छ । कि भने मृत्यु भएको वा पद खारेज भएको वा अपराध गरी प्रमाणित भएको हुनु पर्छ । यो अवस्था छैन । उनले नैतिकताका आधारमा राजीनामा पनि दिएका छैनन् । बरु आफ्ना प्रमापत्र स्वतन्त्र रूपमा जाँच्नका लागि सार्वजनिक रूपमा आह्वान गरेका छन् ।

# नेकपाको शासनमा पञ्चायतको गन्ध

● **जगतबहादुर बराम**

नेपालका आदिसासी जनजाति आज पनि पहिचानको खोजीमा छन् । हाम्रो देशमा यति ठूला युद्ध र आन्दोलनहरू भए । बलिदान यति ठूलो भयो । तर जनता भने आफ्नै पहिचानको खोजी गर्नु पर्ने अवस्थाबाट अछुतो रहन सकेनन् । यो बिडम्बना ! आज यो हलमा पनि अभिव्यक्त भएको छ ।

उद्घोषणका क्रममा भनियो बूढा बाघहरू र तन्नेरी बाघहरू भनेर । नजिकको शिकार तपाई बूढा बाघहरू गर्नुस् तर टाढाको शिकार गर्न हामीलाई बाटो छाडिदिनुस् । हामी तन्नेरीहरू टाढाको शिकार गर्न तयार छौं ।

यहाँ महानायकका कुरा पनि उठे । तर म यो कुराको खण्डन गर्दछु । हिजो जनयुद्धका बखत भलभल्ती रगत बगाएका ती जनजाति र आदिवासीका सपनाहरू कहाँ गए ? जनताका सपनाहरू कहाँ गए । पहिचानसहितका ती १४ वटा राज्यहरू कहाँ गए ? स्वायत्त क्षेत्रहरू कहाँ गए ?

जनताले आफ्नो बलिदानको जगमा उठाएका प्रदेशहरू संभिइरहेका छन् । तर आज ती कसले अपहरण गरेर लगिदिए ? त्यसैले गण्डक प्रदेश अस्वीकार्य छ हामीहरूलाई । हामीले कर्णालीलाई खसान प्रदेश बनाऔं भनेर जोडदार माग गरिहेका थियौं र छौं पनि । तर नामाकरण कर्णाली गरियो । जनताको पहिचान राखिएन ।

नेपालका शासकहरू अचम्मका छन् । देश रोइरहेको छ । जनता आक्रोशित भइरहेका छन् । आदिवासी आन्दोलन के हो ? नबुझेका हुन् र शासकले ? अहिलेको शासनमा पञ्चायतको गन्ध आइरहेको छ ।

२००७ सालमा लडेको कांग्रेसको बन्दुक अब पुरानो भयो । आउँदै गर्दा त २०५२ सालको बन्दुकले पनि काम गरेन । अब आदिवासी जनजातिलाई नयाँ र काम लाग्ने बन्दुक उठाऊ भनेको हो ? यसबारेमा शासकहरूले सोचून् । एकाध जना बाहुनक्षेत्री आन्दोलनमा उठ्दा कांग्रेस बोल्छ, तर जनजातिको यति ठूलो माग र आन्दोलनमा कांग्रेस किन बोल्दैन ?



अर्कोतिर वाम भन्यो, जनता झुक्यायो । समाजवाद ल्याउँछौं भन्यो जनता झुक्यायो । दलाल तथा नोकरशाही पुँजीपतिहरूको नेतृत्वमा खेताला लाग्यो । के हो यो देशको शासन पद्धति ? बोल्दा र लेख्दा निकै बहुभाषिक, बहुसांस्कृतिक, बहु धार्मिक र बहुल भनी व्याख्या गर्ने तर व्यवहारमा जाँदा एकल, हिन्दुवादी र एक जातीय हुने ?

अहिलेका नेताहरूको सोंच एकल तथा एक जातिय सोच हो । यो सरकार आफैमा एकल जातिवादी हो । यसो भनिरहँदा हामी साम्प्रदायिकताको विरुद्धमा छौं । हामी साम्प्रदायिक सद्भावको पक्षमा छौं । तर नेपालका शासकहरू यसको खिल्ली उडाएर संघीयतालाई विफल तुल्याउँदै छन् । किनभने उनीहरू यही एकल जातीय शासन सत्ता स्थापना गर्न प्रयत्नरत छन् ।

हामीले बारम्वार खबरदारी गरिरहेका छौं कि यदि राजनीतिक दलका नेता र सरकार एउटै मात्र जाति, भाषा, धर्म र संस्कृतिलाई मात्र सुदृढ गरेर अघि बढ्ने हो भने अब देशमा द्वन्द्व हुन्छ । यो पक्का हो । यदि देशको बहुलता र विविधतालाई स्वीकार गरिंदैन भने द्वन्द्व निम्त्याउने यही एक मात्र कारण हुने छ ।

अहिले दुईवटा प्रदेशका नाम माटो, ढुंगा, नदी वा काठपात आदि जेका नाममा राखे पनि अबका बाँकी प्रदेशका नाम पहिचानका आधारमा राखिएन भने आदिवासी जनजातिका लागि आन्दोलनमा उत्रनुको विकल्प केही पनि बाँकी रहने छैन । सामान्य उदाहरण लिऔं । हाम्रो छिमेकी देश भारतमा गुज्जरहरूको बाहुल्यता भएको प्रदेशको नाम गुजरात हुने तर नेपालमा मगरहरूको बाहुल्यता भएको राज्य वा प्रदेश मगरात हुन नहुने यो के हो ?

हिजो माओवादीले परिकल्पना गरेको तमुवान, नेवा, लिम्वुवान, मगरात थारुवान, मिथिला, भोजपुरा, कोचिला आदि कहाँ गए ? कहाँ पुर्‍याइए ? हाम्रो आन्दोलनको खोजी पनि यही हो । अब त कस्तो पनि लाग्न थालेको छ कि राजनीतिक पार्टीहरूले नेतृत्व गरेको अदिवासी जनजातिहरूको आन्दोलनले पूर्णता प्राप्त गर्ने छैन । अबको आन्दोलन आदिवासी जनजातिकै नेतृत्वमा हुन जरुरी भएको छ ।

## भारतीय...

पञ्चायती शासन, बहुदलीय शासन र अहिलेको गणतन्त्र भनेका एउटै कुरा हुन् । यी शासन व्यवस्थाका कुराहरू हुन् । तर राज्यसत्ता भनेको टाउको र अनुहार फेरिनु मात्र होइन, सिंगो राज्य संरचना अदलबदल हुनु हो । राज्यसत्ता परिवर्तन हुनु भनेको नेपालको सन्दर्भमा जनगणतन्त्र स्थापना हुनु हो ।'

महासचिव किरणको ठहर छ, "अहिलेको दलाल तथा नोकरशाही सरकारले न त जनताको कुरा सुन्छ, न त पहिचान नै दिन सक्छ । यो मूलतः सामन्तवादी, दलाल तथा नोकरशाही सरकारको समिश्रण मात्र हो । यसका विरुद्ध वर्गीय तथा जातीय वा राष्ट्रियताको आन्दोलनको आगो बाल्नुपर्छ ।"

उनले भने, "नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक देश हो भनेर हामीले स्वीकार गरेका छौं । जातीय मुद्दाहरूलाई लिएर लामो समयदेखि जातीय आन्दोलन पनि उठ्दै आएको हो र छ पनि । हामी लडेको उत्पीडित जात, जाति भाषाभाषी वर्ग, लिङ्ग, क्षेत्र, मधेशी, मुस्लिम सबै सबैको मुक्तिका लागि हो । युद्धकालमा हामीले जहाँजहाँ जनजाति र समुदायहरू छन्, ती जाति र समुदाय, महिला, मुस्लिम, क्षेत्र र वर्ग तथा भाषा र समुदायको स्थानीय सरकार पनि बनाएका थियौं । जनयुद्धले उपरिसंरचना वा शासनसत्तामा केही परिवर्तन त ल्यायो, तर आमूल परिवर्तन भएको छैन । राज्यसत्तामा परिवर्तन आउन सकेन । परिवर्तन ल्याउन खोजेको राज्यसत्तामा परिवर्तन ल्याउन सकिएन । जातीय मुक्तिका निम्ति आन्तरिक रूपमा सामन्तवाद र ब्राह्मणवादसँग र बाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादसँग लड्नु पर्दछ ।"

उक्त अन्तरक्रिया कार्यक्रममा नेकपाका अध्यक्ष पुष्पकमल दाहालले आफूले गरेका जे जति सम्झौताहरू छन्, तिनका कारणले अहिले पहिचानसहितका प्रदेशहरू नामाकरण गर्न नसकेको स्वीकार गरे । उनले ती सम्झौताहरू अन्तर्राष्ट्रिय परिस्थितिका कारण बाध्य भएर गरिएको पनि बताए ।

अर्का वक्ता नेपाली कांग्रेसका नेता गोपालमान श्रेष्ठले नेपाली कांग्रेस सधैं जनजाति र अल्पसंख्यकको पक्षमा रहँदै आएको बताए । अर्का अतिथि महेन्द्रराय यादवले नेपालमा जनजातिको स्वतन्त्र पार्टी नभएसम्म जनजातिको आन्दोलन नहुने ठोकुवा गर्दै भने, "अब जनजातिले जातीय पार्टी बनाउनु पर्छ ।

अन्तरक्रिया कार्यक्रममा आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालका अध्यक्ष जगतबहादुर बरामले वर्तमान सरकारमा बाहुनहरू मात्र भएको र ब्राह्मणवादी सोंचले केही पनि हुन नदिएको भन्दै अब आन्दोलनको विकल्प नै नभएको बताए ।

राष्ट्रिय जनजाति महिला महासंघकी चिनीमाया माझीले महिला र जनजातिका लागि यो सरकारले केही पनि गरेन भन्दै नेताहरूले जनजाति र महिलालाई निकै ठगेको गुनासो समेत गरिन् ।

सुरेश आले मगरले सञ्चालन गरेको उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता परशुराम तामाङले गरेका थिए भने अन्तरक्रिया कार्यक्रममा कार्यपत्र प्रा. डा. ओम गुरुङले प्रस्तुत गरेका थिए ।

# जनजाति महासंघको जिल्ला भेला सम्पन्न

पोखरा । अखिल नेपाल जनजाति महासंघ कास्कीको जिल्ला भेला पोखराको अमरसिंह चोकमा शुक्रबार भव्य रूपमा सम्पन्न भएको समाचार प्राप्त भएको छ । भेलाले २१ सदस्यीय सम्मेलन आयोजक समिति चयन गरेको पनि बताइएको छ ।

भेलाबाट निर्वाचित सम्मेलन आयोजक समितिको अध्यक्षमा तेजबहादुर गुरुङ, उपाध्यक्षमा श्रीधन राई, सचिवमा रामबहादुर पुन, सहसचिवमा हिमाल आले र कोषाध्यक्षमा दिलकुमारी पुन रहेका छन् । त्यसै गरी सदस्यहरूमा विष्णु राना, विनिता तामाङ, मानबहादुर गुरुङ, प्रेमराज मर्स्याङ्गी मगर, अञ्जु गुरुङ, नरबहादुर पुन, रूपा छन्तेल, राजबहादुर वाइवा, नवीना सिंजाली मगर, ईन्द्रबहादुर गुरुङ, धनमाया थापा, भीमबहादुर पुन र सर्वे तामाङ रहेका छन् । बाँकी तीनजनाको स्थान पछि पूर्ति गर्ने गरी हाललाई रिक्त राखिएको छ ।

भेलाका प्रमुख अतिथिमा नेकपा (क्रान्तिकारी माओवादी) का सचिवालय सदस्य श्याम र अतिथिहरूमा कास्की इञ्चार्ज रामजी थापा र अनेमसं (क्रान्तिकारी) की कल्पना थापा रहेका थिए ।

भेलामा उपस्थित सबैलाई दिलकुमारी पुनले स्वागत भाषणद्वारा स्वागत गरेकी थिइन् । जेष्ठ तथा अग्रज श्रीधन राईको अध्यक्षतामा सम्पन्न उक्त भेलाको सञ्चालन उर्मिला श्रीस मगरले गरेकी थिइन ।

# वाक युद्धमा कोरिया र अमेरिका



काठमाडौं । 'उत्तर कोरियाले मिसाइल निर्माण गरिरहेको छ' भन्ने अमेरिकी अधिकारीहरूको भनाइ बाहिर आए पछि र यसको बारेमा टीकाटिप्पणी पनि हुन थालेपछि उत्तर कोरियाले 'अमेरिकी गतिविधिले स्तब्ध तुल्याएको' बताएको छ ।

निअस्त्रीकरणका लागि गरिएको बहुचर्चित सिंगापुर वार्तापछि यी सबै आरोप प्रत्यारोपका कुरा बाहिर आएका हुन् । शिखर वार्तामा ट्रम्पले आफूहरूले गरेको वार्ता मुताविक कामहरू गर्न राष्ट्रपति किम तयार रहेको र अमेरिका पनि उत्तर कोरियाप्रति लचिलो हुँदै जाने बताएका थिए । राष्ट्रपति किमले पनि प्रतिबद्धता पूरा गरिने कुरा दोहह्र्याएका थिए ।

उत्तर कोरियाको विषयलाई लिएर अमेरिकी राष्ट्रपति र उनको खुफिया अधिकारीबीच निकै जुहारी चल्दै गयो । उनका खुफिया अधिकारीहरूले उत्तर कोरियाले मिसाइल निर्माण गरिहेको भन्ने कुरा जोडतोडका साथ ट्रम्पसामु राखे । तर उत्तर कोरियाले आफ्ना अस्त्रहरू निअस्त्रीकरण गरिरहेको बताइरहेको छ ।

पछिल्लो चरणमा आएर सिंगापुरका विदेशमन्त्री वीके बालाननूले पनि आफ्नो मुख खोलेका छन् । उनका अनुसार अमेरिका र उत्तर कोरियाबीचमा पटकपटक वार्ताहरू भइरहेका र ती सबै सकारात्मक तथा सिर्जनात्मक रहेका बताएका छन् ।

पछिल्लो चरणमा आएर उत्तर कोरिया र अमेरिकाबीच सम्बन्ध विगार्न चाहनेहरूले वातावरण निकै धुमिल बनाउँदै लगेका छन् । उनीहरूले उत्तर कोरियाले यही मौका पारेर व्यापक फ्युल भण्डारणमा लागेको र मिसाइल बेच्ने उपाय पनि खोजिरहेको भनी संगीन आरोप लगाएका छन् । अमेरिकी अधिकारीहरूले त रुसमा हजारौं उत्तर कारियाली कामदारहरूले काम गरिरहेका र कोरियामाथिको प्रतिबन्ध फितलो पारिएको आरोप रुसलाई लगाउने पनि गरिरहेका छन् ।

## सरकार गठनको निरन्तरतामा खान



काठमाडौं । इमरान खान आफ्नो पार्टीले धेरै सिट जितेपछि सरकार गठनको निरन्तर तयारीमा लागि परिरहेका छन् । उनले साना पार्टीहरूसित छलफल गर्दै सहकार्यका लागि आह्वान पनि गरिरहेका छन् ।

पाकिस्तानमा बुधबार सम्पन्न भएको निर्वाचनमा इमरान खानको दल पिटीआई सबैभन्दा ठूलो दलका रूपमा उदाएको छ । यसले सबैभन्दा धेरै ११४ सिट हात पारेको छ । मुस्लिम लिगले ६३ र पिपीपीले जम्मा ३९ स्थान प्राप्त गर्न सफल भएका छन् ।

भ्रष्टाचार अन्त्यको नारा दिएर निर्वाचनमा उत्रिएका खानको पार्टी बहुमत सन्निकट पुगेपछि पाकिस्तानी जनताले भ्रष्टाचारको आहालबाट मुक्ति चाहेको देखिन्छ । उनीहरूले कम्तिमा पनि खानको पार्टीलाई एउटा विकल्पका रूपमा देख्न पुगेका छन् । यो निर्वाचनले पुराना तथा रुढीबादी दलहरूलाई हटाइदिएको छ ।

विपक्षीहरू यो नतिजाबाट खुशी छैनन् । उनीहरूले निर्वाचनमा धाँधली भएको आरोप लगाउँदै संसदमा पनि सहभागी नहुने बताएका छन् । मुस्लिम लिग र पिपीपीले त पाकिस्तानी सेना स्वयम्ले निर्वाचनमा खानलाई प्रत्यक्ष रूपमा सघाएको बताएको छ ।

आफूले सरकार गठनका लागि बहुमत नपाए पनि अरु दल र स्वतन्त्र विजेताहरूसँग मिलेर सरकार गठनको अभ्यास थालेका छन् । सुविधाजनक बहुमतका उनले १३७ सिटमा विजय हासिल गर्नु पर्दथ्यो ।

निर्वाचनमा जितेर सरकार गठन गरेपछि भ्रष्टाचारको अन्त्यगर्ने, आतंकवादको अन्त्य गर्ने र भारतसँगको सम्बन्ध विस्तार गर्ने उनका एजेण्डाहरू थिए । त्यो कार्यान्वयनका लागि उनका अगाडि चुनौती पनि आइ लागेका छन् ।

### भारतको...

दिएका कारण देशमा जनतन्त्र, राष्ट्रियता, स्वाधीनता र जनजीविका समस्या अझ विकराल बन्दै गएको उल्लेख गरे । अमेरिकी साम्राज्यवाद र मुख्यतः भारतीय विस्तारवादको निर्देशनमा चल्ने र घरेलु प्रतिक्रियावादको प्रतिनिधित्व गर्ने दलालहरूको नेतृत्वको सत्ता नै नेपाली जनताको दुश्मन रहेको उनको निस्कर्ष रहेको थियो । कम्युनिस्ट नामधारी वर्तमान ओली सरकार पनि पहिलेका सरकार जस्तै जनघाती र राष्ट्रघाती रहेको भन्दै नेपालमा आमूल परिवर्तनका लागि नयाँ जनवादी क्रान्ति आवश्यक रहेको र उक्त क्रान्तिको सफलताको लागि भारतमा रहेका नेपालीहरूको भूमिका महत्वपूर्ण रहने कुरा स्मरण गराए ।

उक्त सम्मेलनको भव्य सफलताको शुभकामना व्यक्त गर्दै विशेष अतिथि तथा नेता ईन्द्रमोहन सिग्देलले नेपाल प्राकृतिक साधनस्रोतले सम्पन्न र नेपाली जनता मेहनती भए पनि आजसम्मका सत्ताधारी वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रका कारण नेपाली जनताको दुःख र पराधीनताको कारण भएको कुरा बताए । उनले नेपालमा आजसम्म राजनीतिक क्रान्ति पूरा नभएको र मजदुर, किसान तथा आम उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनताको हातमा सत्ता नआएको कुरा बताउँदै वर्तमान ओली सरकारको आर्थिक समृद्धिको नारा जनता ढाँट्न अगाडि सारिएको भ्रमपूर्ण वकवास मात्र रहेको कुरा औंल्याए । नयाँ जनवादी क्रान्तिको सफलतापछि मात्र राष्ट्रिय पुँजीको विकास हुने र त्यसपछि मात्र देशमा आर्थिक समृद्धिको ढोका खोलिने कुरामा उनको विशेष जोड रहेको थियो ।

नेपाली एकता समाज, भारतका केन्द्रीय सचिवालय सदस्य हेमराज ढुङ्गानाले सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दै यस संगठनले भारतभर छरिएर रहेका नेपालीको हितमा काम गर्दै आएको कुरा दाबी गरे । उनले नेपालमा हुने आमूल परिवर्तनका लागि समेत प्रवासमा रहेका नेपालीको पनि महत्वपूर्ण भूमिका रहने कुरा उल्लेख गरेका थिए ।

यसका साथै, मञ्चमा आसिन नेपाली एकता समाज, भारतका केन्द्रीय सदस्य लगायत अन्य नेताहरूले पनि सम्मेलनलाई सम्बोधन गर्दै त्यसको भव्य सफलताको शुभकामना व्यक्त गरेका थिए ।

प्रतीक लामा लगायतका सामना परिवारका केन्द्रीय कलाकारहरूले प्रदर्शन गरेका गीत तथा नृत्यले सम्मेलनलाई निकै भव्य र रोचक बनाएका थिए प्रताप थापाको उद्घोषणमा सञ्चालित यस कार्यक्रमको अध्यक्षता केमबहादुर सारुले गरेका थिए ।

### उत्तर तथा दक्षिण हैदरावाद नगर समितिको संयुक्त प्रथम सम्मेलन सम्पन्न



यसैबीच नेपाली एकता समाज, भारतको संयुक्त प्रथम सम्मेलन सम्पन्न भएको छ । प्राप्त समाचार अनुसार मध्य दक्षिण राज्यअन्तर्गत उत्तर तथा दक्षिण हैदरावाद नगर समितिको संयुक्त प्रथम सम्मेलन सम्पन्न भएको हो । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिव परि थापाको प्रमुख आतिथ्यता तथा बरिष्ठ वामपन्थी नेता इन्द्रमोहन सिंग्देलको विशेष आतिथ्यतामा सम्पन्न भएको सम्मेलनले गोविन्द केसीको सभापतित्वमा उत्तर हैदरावाद नगर समिति निर्वाचित गरेको छ । निर्वाचित हुने उक्त समितिका अन्य पदाधिकारीहरूका सभापति- गोविन्द केसी, उपसभापति - पदम बहादुर कार्की, सचिव- राम प्रसाद पौडेल, सह सचिव- टंक ठकुरी, कोषाध्यक्ष- कमल पुन रहेका छन् भने सदस्यहरूमा दिल माया थापा, मेग बहादुर बोगटी, प्रकास चापागाई, जीवन केसी, विक्रम विसी, पदम विक, युवराज कार्की, केशर भुल, मानबहादुर लामिछानेलगायत निर्वाचित भएका छन् ।

त्यसैगरी सम्मेलनले भूपराज घिमिरेको सभापतित्वमा दक्षिण हैदरावाद नगर समिति निर्माण गरेको छ । उक्त समितिका अन्य पदाधिकारीहरूमा उपसभापति- कमल सुनार, सचिव- राजेन्द्र धिमाल, सह सचिव- निर्मला विक, कोषाध्यक्ष - कुमार बुढामगर लगायत रहेका छन् भने सदस्यहरूमा ओमन राना, प्रेम थापा, भोजराज भुजेल, अमर बहादुर विक, निर्मला कुमारी शाही, सन्तोष विश्वकर्मा, महेन्द्र बहादुर शाहीलगायत निर्वाचित भएका छन् । दुवै समितिमा १ र १ सदस्य रिक्त राखिएको छ ।

सम्मेलनले नेपाली एकता समाज, भारत अन्तर्गत सांस्कृतिक नगर समिति र महिला नगर समिति पनि निर्वाचित गरेको छ । प्राप्त समाचार अनुसार पदम बहादुर कार्की अध्यक्ष रहेको हैदरावाद नगर सांस्कृतिक समिति निर्माण गरिएको छ । समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष - विक्रम विसी, सचिव - राजन खत्री, कोषध्यक्ष - मेखबहादुर बोगटीलाई निर्वाचित गरेको छ भने सदस्यहरूमा रमेश बोगटी, प्रकास विक र सुशील परियारलाई निर्वाचित गरेको छ ।

त्यसैगरी दिलमाया थापा अध्यक्ष रहेको हैदरावाद महिला नगर समितिका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष- मञ्जु क्षेत्री, सचिव - कृष्ण ठकुरी, कोषध्यक्ष सपना चापागाईंलाई निर्वाचित गरेको छ भने सदस्यहरूमा कल्पना चापागाई, सीता कार्की, कविता वोगटी, सविता वोगटी, सुस्मिता कार्की, कौशिला भूल, देवीका शिवाकोटी, सुमित्रा लामिछाने, दुर्गा पुन, शान्ता गुरुङ्ग, नानु गाहा, कोपिला धिमाललगायत निर्वाचित भएका छन् ।

टीकाराम भुलले अध्यक्षता गरेको सम्मेलन कार्यक्रमको सञ्चालन राजेन्द्र धिमालले गरेका थिए भने नेपाली एकता समाज, भारतका केन्द्रीय अध्यक्ष आनन्द थापा, अखिल नेपाल जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य छविलाल थापा, एकता समाजका केस लक्ष्मी आचार्य, बालकृष्ण सापकोटा, रामकुमार कार्की, समाजकी हैदरावाद महिला समिति अध्यक्ष सीता कार्की, दिलमाथा थापा लगायत अतिथिहरूको उपस्थिति रहेको थियो ।

भूपराज घिमिरेले स्वागत मन्तव्य राखेको सम्मेलनमा नेताहरू परि थापा, इन्द्रमोहन सिंग्देल, सीता कार्की, राम कुमार कार्की, बालकृष्ण सापकोटा, लक्ष्मीप्रसाद आचार्य, प्रतीक लामा, छविलाल थापा, आनन्द थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सम्मेलनको बीच बीचमा कलाकारहरूको टोलीले क्रान्तिकारी गीत र नृत्यहरू प्रस्तुत गरेको थियो भने नव निर्वाचित समितिलाई समाजका केन्द्रीय अध्यक्ष थापाले बधाई मन्तव्य राखेका थिए ।

### विराटनगरमा...

अनुसार मोरङ जिल्लामा साउनको २५, २६ र २७ गते पार्टी, संयुक्त मोर्चा र जबस मोर्चाहरूको संयुक्त वैचारिक राजनीतिक प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको छ । यसै कार्यक्रममा युवाहरूको शारीरिक तालिमको समेत आयोजना गरिएको छ भने २७ गते मोरङको विराटनगरमा युवाहरूको मार्चापाससहित व्यापक रूपमा विरोध र्‍यालीको आयोजना गर्न लागिएको छ ।

यसैबीच, मोरङ जिल्लाकै मनमोहन मेमोरियल कलेजमा क्रान्तिकारी माओवादी निकट अखिल (क्रान्किारी)को क्याम्पस इकाई कमिटि गठन गरिएको छ । सरोजकुमार रहपालको संयोजकत्वमा ९ सदस्यीय गठन गरिएको उक्त कमिटिका सदस्यहरूमा भिमबहादुर प्रजा, विक्रम राम लोहार, राजन घतानी, किरण विकस, उत्तम लइ्देल, रन्जित जुगडाले, सुदन सभासंकर, एन राकी लगायत रहेका छन् । संगठनकी केन्द्रीय सचिव ज्ञानु खतिवडाको प्रमुख उपस्थितिमा निर्माण गरिएको उक्त कमिटि शनिबार निर्माण गरिएको हो ।

### नेकपा...

नियन्त्रण तथा न्यूनीकरण गर्न जोडदार माग गरेका छन् । उनीहरूले ज्ञापन पत्र बुझाएका हुन् । उनीहरूले लैङ्गिक हिंसासँग सम्बन्धित पाँच बुँदे घटना सन्दर्भ तथा सवालहरू उल्लेख गर्दै ती समस्याको समाधानका लागि ठोस कदम चाल्न जोडदार माग गरेका छन् ।

ज्ञापन पत्रमा कञ्चनपुरकी १३ बर्षिया बालिका निर्मला पन्त, काभ्रे तिमालकी ९ बर्षिया एलिना तामाङको बलात्कार गरी हत्या गरिएको घटनामा संलग्न अपराधीहरूमाथि तत्काल कडाभन्दा कडा कारबाही गरियोस्, मेडिकल सञ्चालक दुर्गा प्रसाईले बंगलादेशमा अध्यनरत छात्राहरूको इज्जत र प्रतिष्ठामाथि नै आँच आउने गरी जुन अभिव्यक्ति दिए, त्यसले चिकित्सा जस्तो गरिमामय पेशामा महिलाहरूको पहुँच र उपस्थितिलाई कमजोर बनाउने मात्र होइन उनीहरूको क्षमतामाथि नै प्रश्न चिन्ह खडा गरिदिएको छ । विना आधार आम महिलाहरूको चरित्र हत्या गरि कपोलकल्पित लाल्छना लगाउने दुर्गा प्रसाईलाई सार्वजनिक कसुर ऐन अन्तर्गत कारवाही गरियोस्, भर्खरै मात्र भारतको राजधानी दिल्लीको पहाडगञ्ज लगायत विभिन्न ठाउँबाट ७३ जना नेपाली महिलाहरूलाई अज्ञात ठाउँहरूमा बेचिनै लाग्दा भारतको महिला आयोगको सहयोगमा उद्दार गरिएको छ । यी घटनामा संलग्न मानव तस्करहरूलाई हदैसम्मको कारवाही गरियोस् र ती महिलाहरूलाई रोजगारीको उचित व्यवस्था गरियोस्, अहिले पनि घरेलु हिंसाका कयौं घटनाहरू सतहमा आउन सकिरहेका छैनन् यस्ता घटना र समस्याहरूलाई तुरुन्त नियन्त्रणमा लिई सामाजिक कुरीति र कुसंस्कार माथि तुरुन्त प्रतिबन्ध लगाइयोस् र अपराधिहरूलाई शख्त कारवाही गरियोस्, महिनावारीको समयमा छोरीहरूलाई एकान्त गोठमा एक्लै राख्ने छाउपडि प्रथाले महिलाहरू जंगली जीवजन्तुहरूको आक्रमण र पुरुषहरूको बलात्कारको शिकार भई मृत्यु हुने गरेको छ । यस्ता सामाजिक कुरीतिहरू माथि सरकारले तुरुन्त प्रतिवन्ध लगाओस्, आदि सवालहरू अगाडि सारिएका छन् ।

ज्ञापन पत्र बुझाउन अनेमसंघ (क्रान्तिकारी) की अध्यक्ष लक्ष्मी मुडभरी, महिला शक्ति महासंघकी संयोजक मनु हुमागाई, अखिल नेपाल महिला संघकी अध्यक्ष जनक कुमारी चालिसे, अखिल नेपाल प्रगतिशील महिला संघकी अध्यक्ष मिना पुन र अखिल नेपाल महिला संघ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द लगायतका नेतृहरूहरूको टोली गएको थियो । अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष मुडभरीका अनुसार गृहमन्त्री थापाले लैङ्गिक हिंसा रोक्नका लागि गृह प्रशासनलाई प्रभावकारी परिचालन गर्ने भन्दा पनि अन्तरपार्टी महिला सञ्जालमार्फत् अभियान चलाउन लागेको बताएका छन् । नेतृ मुडभरी भन्छिन्, 'यो अन्तरपार्टी महिला सञ्जालले लैङ्गिक हिंसा रोक्ने सवालमा खासै प्रभावकारी काम गर्न सक्दैन । गृह प्रशासनले राज्यको दायित्वबाट पन्छिएर एउटा एनजिओमार्फत् लैङ्कि हिंसा रोक्न अभियान चलाउने कुरा गर्नु भनेको आफ्ना कार्यकर्ता पोस्न राज्यको ढिकुटी रित्याउने बाहेक अरु केही होइन । राज्य आफैले ठोस कदम चाल्नु पर्छ । जनताको सुरक्षाको जिम्मा राज्यको हो ।'

## पाकिस्तान विनाको दक्षिण एशियाको खोजीमा भारत



काठमाडौं । दक्षिण एशियाली देशहरूको साझा संगठन सार्कको लामो समयसम्म अत्तोपत्तो छैन । तर मध्य भदौमा भने बिम्स्टेकको काठमाडौंमा शिखर बैठक तय गरिएको छ ।

यसमा भारत, नेपाल, बांगलादेश, श्रीलंका, भुटान, म्यानमार तथा थाइल्याण्ड गरी सात देशहरूको सहभागिता रहने छ । तर सार्कमा भने भारत, पाकिस्तान, नेपाल, बांगलादेश, भुटान, श्रीलंका र मालद्विप्स गरी सातवटा देशहरू रहेका छन् ।

सार्कको खोजीको सट्टा बिम्स्टेक लाई भारतले प्राथमिकता दिँदा पाकिस्तान विनाको दक्षिण एशियाली साझा संगठनको खोजीमा भारत रहेको देखिन्छ । तर पाकिस्तानलाई दक्षिण एशियाको राजनीतिक शक्ति सन्तुलन मिलाउने देशका रूपमा अन्तर्राष्ट्रले लिने गरेको छ ।

## मलेसिया श्रम कानुन सुधारको पक्षमा



कठमाडौं । प्रत्येक दिन लगभग ५०० जनाका दरले नेपाली कामदारहरू कामका लागि जाने श्रम गन्तव्यका रूपमा रहेको मलेसियासँगको सम्बन्ध सुधारमा नेपाल सरकार लागि परिरहेको छ । हाल औपचारिक र अनौपचारिक दुवै रूपमा वार्ता संवाद भइरहेको सरकारी अधिकारीहरूले बताइरहेका छन् ।

नेपाली अधिकारीहरू यसका लागि मलेसिया जान र मलेसियाली अधिकारीहरू नेपाल आउन तयार रहेको बताएका छन् । चर्को शुल्क नलिन एकले अर्कालाई आश्वस्त पार्न थालिरहेका छन् ।

पछिल्लो चरणमा नेपालबाट मलेसियामा भित्रिने मानवसंशाधनका लागि मलेसियाली मन्त्री वा अधिारी नेपाल आउने पनि बताइएको छ । परिणाम सकारात्मक आउने सम्बन्धित पक्षहरू बताइरहेका छन् ।

# महान् लेनिनको पार्थिव शरीरमाथि सलामी चढाउँदाको त्यो अविस्मरणीय क्षण



● हस्तबहादुर केसी ●

गत वर्ष सन् १९१७ नोभेम्बर १ (वि.सं. २०७४ कार्तिक १५) गते कुरा हो । दिनको २.४० बज्दै थियो । हाम्रो १५ सदस्यीय टोली फ्लाई दुबैको जेट विमानबाट रुसको राजधानी मस्कोस्थित भेनोकोभो अन्तर्राष्ट्रिय विमान स्थलमा ओर्लियो । हामी रुसकै ऐतिहासिक सहर लेनिनग्राद जाँदै थियौं । लेनिनग्रादमा सन् १९१७ अक्टुबर २५ (नोभेम्बर ७) का दिन महान् लेनिनले सशस्त्र जनविद्रोहको उद्‌घोष गर्नु भएको एक ऐतिहासिक स्थान थियो । त्यस महान् अक्टुबर क्रान्तिले सन् १९१७ नोभेम्बर ७ का दिन १०० वर्ष पूरा गर्दै थियो । त्यस ऐतिहासिक दिन रुसका क्रान्तिकारी धारका कम्युनिष्ट पार्टीहरूले आयोजना गर्न लागेको अक्टुबर क्रान्तिको सतवार्षिक उत्सवमा भाग लिन जादै थियौं, हामी ।

राजधानी मस्कोमा नोभेम्बर १ देखि ४ सम्म बस्ने र त्यहाँ लेनिन स्टालिनले गरेका योगदान र विरासतका साथै अन्य ऐतिहासिक महत्वका विषयमा अध्ययन, अवलोकन गर्ने कार्यक्रम तय गरिएको जानकारी हामीलाई आयोजकहरूले दिएका थिए । ४ नोभेम्बरका दिन राती रेल्वे लाइनको यात्राबाट लेनिनग्राद जाने कार्यक्रम थियो । लेनिनग्रादमा नोभेम्बर ५ देखि १० सम्म रहने जानकारी हामीलाई नेपालमै रहेको बेला पठाइएको थियो ।

फ्लाई दुवैको जेट विमानबाट ओर्लिएपछि सरासर अध्यागमन शाखामा पुग्यौं । हामी सबैका पासपोर्टहरू अध्यागमनले लियो । सुरक्षा गार्डहरूले हामीलाई विनम्रतापूर्वक वेटिङ्ग रुममा बस्न आग्रह गरे । समय अलि बढि नै लागेको थियो । बीचमा एकजना महिला सुरक्षा गार्ड हामी भएका ठाउँमा आएर "तपाईहरूलाई रिसिभ गर्न बाहिर गेट तपाईका मान्छेहरू आइसकेका छन्" भनिन् । एकक्षणपछि हामीलाई बोलाई कडा जाँच पासपछि सामान तथा ठूला ब्यागहरू भित्र पठाएपछि हामीलाई पनि भित्र पठाइयो । हामी दुई तला माथि थियौं । पासपोर्टसँगै अधिकृतले सही गरेको एउटा स्लिप दिइयो, त्यो फर्कदाखेरि अनिवार्य रूपमा त्यही ठाउँमा बुझाउनु पर्ने रहेछ ।

हामीहरू लिफ्टबाट तल्लो तलामा झर्‍यौं र ठूलो ब्यागहरू आइ पुग्ने ठाउँमा गयौं झोलाहरू आएपछि लिएर विमानस्थलबाट बाहिर निस्कने क्रममा थियौं । अली पर गेटमा रुसी क्रान्तिकारी कम्युनिष्ट नेता कमरेड दिमित्री कोन्चेन्कोको नेतृत्वमा एउटा टोली आएको रहेछ हामीलाई स्वागत गर्नका लागि । हामी मूल गेटबाट ठूला ठूला झोलाहरू लतार्दै बाहिरियौं गेटमा हामीलाई स्वागत गरियो । दिमित्रीका साथमा एलेक्सी, यन्तोन तथा एलिशा समेत हुनुहुँदोरहेछ । क. दिमित्रीसँग त मेरो उत्तर कोरियामा चिनजान, वस, उठ भएको थियो । अन्य कमरेडहरूसँग परिचय गर्‍यौं । दिमित्रीको नेतृत्वमा अगाडि बढ्यौं र आधा बाटो गाडीबाट र आधा बाटो मेट्रो रेलको यात्राबाट हामीलाई बस्न व्यवस्था गरिएको होटेलमा पुग्यौं । मसहित ७ जनालाई एउटा होस्टेलमा राखियो । अन्यलाई होटेलमा । त्यही बखत ब्राजिल, बेल्जियम, नेदरल्याण्ड र कोरियाका कमरेडहरू पनि त्यही होटलमा आइपुग्नु भयो । परिचयभ यो । त्यति बेला रात परिसकेको थियो । बाहिर वाक्लो हिउँ जमेको थियो । ज्यादै चिसो थियो । हामी होस्टेलमा गयौं । खाना पकाउने व्यवस्था रहेछ । त्यही नै खाना आफैले पकाएर खायौं । यो ज्यादै शिक्षाप्रद विषय पनि थियो ।

भोलिपल्ट बिहान नोभेम्बर २ का दिन बिहानको खाना खाएर युरोपियन टोली र हाम्रा अन्य साथीहरू बसेको होटलमा एलेक्सी र यन्तोनले लिएर जानु भयो । उहाँहरूले हामीलाई गाइड गर्नुभयो । होटेलमा पुग्दा क. दिमित्री पुगी सक्नु भएका रहेछ । त्यतिबेला विहानको ९ बजिसकेको थियो । सबै जम्मा भइसकेपछि दिमित्रीले रुसी भाषामा "पहिलो नम्बरमा रेडस्क्वायरमा रहेको मार्क्सको सालिकमाथि सलामी त्यसपछि महान् लेनिनको पार्थिव शरीर (शव) को अवलोकन गर्ने र त्यसै अवसरमा सलामी दिएर फर्कने कार्यक्रम छ । त्यसपछि अन्य कार्यक्रममा सहभागी भइन्छ" भन्नु भयो । त्यसलाई बेल्जियमका कमरेडले अंग्रेजी भाषाबाट हामीलाई बुझाउने काम गर्नु भयो ।

हामी त्यहाँबाट प्रस्थान गर्‍यौं । करिब आधा घण्टा मेट्रो रेलको यात्रा पार गरेर मस्को पुग्यौं । विशाल शहरहरू देखिन्थे । सडकहरू पनि धेरै फराकिलो थिए । गाडीको भिडभाड पनि बाक्लो थियो । मलाई त कतिखेर वैज्ञानिक साम्यवादका सिद्धान्तकार तथा महान् दार्शनिक कार्ल मार्क्सको शालिक भएको ठाउँमा पुगिएला र सलामी दिने होला भनेर निकै कौतुहलता जागृत भएको थियो । साथै कतिखेर महान् लेनिनको पार्थिव शरीरमा सलामी दिने समय आउला भनेर जिज्ञाशु बनिरहेको थिए । सबै साथीहरूलाई त्यही जिज्ञासाले सताइरहेको देखिन्थ्यो ।

मैले सन् १९१६ जुलाई १६ का दिन बिहान चीनको राजधानी बेइजिङस्थित त्येनमेयन चोकमा रहेको अध्यक्ष माओ मेमोरियल हलमा राखिएको अर्का विश्वसर्वहारा वर्गका महान् नेता तथा चिनियाँ कम्युनिष्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओत्सेतुङको पार्थिव शरीरमाथि लाल सलामीको सलामी दिने मौका पाएको थिए । त्यस्तै सन् १९१७ अप्रिल १५ का दिन उत्तर कोरियाका नेताहरू किम इल सङ र किम इल जङको पार्थिव शरीर उत्तर कोरियाको राजधानी प्योङ्याङमा पुगेर सलामी दिने मौका पाइसकेको थिए । मलाई जुन क. माओको र क. किम इल सङ र किम इल जुङको पार्थिव शरीरको अवलोकन गरेको, सम्मानपूर्वक सलामी चढाएको त्यो ऐतिहासिक तथा अविस्मरणीय क्षेणको याद आइरहेको थियो र कतिखेर पुगौला र महान् लेनिनको पार्थिव शरीरमाथि पनि लाल सलामको सलामी चढाउला भनेर निकै आतुर लागि रहेको थियो ।

सडक, बाटोको वारिपारि सेतै हिउँ जमेको थियो । ज्यादै कठ्याङ्ग्रिदो चिसो थियो । नेपाली र युरोपियन गरी हाम्रो ४० जनाको संयुक्त टोली थियो । पहिले मार्क्सको शालिक भएको स्थानमा पुग्ने र त्यसपछि लेनिनको शव राखिएको स्थानमा पुग्ने जिज्ञासा र आतुरताले जाडोको पनि कुनै प्रवाह गरिएको थिएन ।

मस्कोस्थित विशाल रेडस्क्वायर मैदानको पश्चिम पार्टिको एउटा विशाल चोकमा कार्ल मार्क्सको विशाल शालिक रहेछ । त्यहाँ पुगियो र उहाँको शालिकमाथि बडो भावपूर्ण र हार्दिकताका साथ मुठ्ठी उठाएर लाल सलामको सलामी चढायौं । त्यहाँ फूल माला चढाउने संस्कृति रहेनछ । मार्क्सको विशाल शालिकमाथि लाल सलामको सलामी चढाएपछि ज्यादै गौरव र खुसीको अनुभूति भयो मलाई । हामीले त्यहाँ सामुहिक र एकल फोटाहरू खिचायौं ।

अब रह्यो, लेनिनको पार्थिव शरीर राखेको स्थानमा पुग्ने । हाम्रा मनहरू ज्यादै हतारिएका

थिए त्यतैतिर कमरेड दिमित्रीको नेतृत्वमा त्यहाँबाट टोली अगाडि बढ्यो । सडकको वारिपारि ठूला ठूला भवनहरू देखिन्थे । हामी राष्ट्रपति भवन क्रेमलिन भवनको नजिक पुग्दै थियौं । त्यहाँबाट पूर्वतिर मोडियौं । विशाल रेडस्क्वायर मैदानको पश्चिमी गेटमा पुग्यौं । दायाँ पट्टीको भागबाट अगाडि बढ्यौं । अगाडि निकै ठूलो मानिसहरू लाइनमा लागेको देखिन्थ्यो । त्यही बीचमा सार्वजनिक शौचालय रहेछ । त्यसको उपयोग गर्‍यौं । हामी पनि लाइनमा लाग्यौं । लाइन विस्तारै अगाडि बढिरहेको थियो । म भने कतिखेर लेनिनको शव राखेको स्थानमा पुगिएला र सलामी चढाउला भनेर निकै आतुरमा थिए । मन थाम्न धौधौ परिरहेको थियो । दाया भाग र पूर्वपट्टि विशाल रेडस्क्वायर मैदान देखिन्थ्यो । मैदानको वारिपारि चर्चाका मन्दिरका छतहरू देखिन्थे ।

हाम्रो टोली सुरक्षा गार्डहरूले चेकजाच गरिरहेको ठाउँनेर पुग्यो । उत्तरतिर विशाल तर लामो भवन देखिन्थ्यो । त्यही भवनमा नै लेनिनको शव राखिएको होला भनेर हामीले अनुमान गरिरहेका थियौं । दिमित्री अगाडि हुनुहुन्थ्यो । त्यसपछि म थिए । हामी सुरक्षा गार्डले चेक जाच गर्ने गेट मै पुग्यौं । चेकजाच निकै कडा गरिएको रहेछ । चेक जाँचपछि एउटा ज्यादै महत्वपूर्ण स्थानमा पुगियो । त्यहाँ धेरै रुसी सहीदहरूका फोटाहरू कदका शालिकहरू देखिन्थे । हामी छिटो छिटो हिंडिरहेका थियौं । त्यस गार्डेनका अन्तिमतिर स्टालिनको छोटो कदको शालिक राखिएको रहेछ । मैले फोटो खिचिहाले । यो ज्यादै महत्वपूर्ण क्षण थियो । त्यहाँनेर फोटो खिच्न कडाइ गरिएको थियो । तर अन्यत्र स्टालिनका शालिकहरू पाउन मुस्किल थियो किनकि बोरिश यल्तसिनको प्रतिक्रियावादी सरकारले उहाँका सबै सालिकहरू ध्वस्त पारेको पहिले नै सुनिसकेका थियौं ।

तिन/चार सिंढी तल ओर्लि सकेपछि एउटा विशाल भवनको मूल ढोकानेर पुग्यौं । त्यहाँपनि लाइनमा लागेका मान्छेहरूलाई कडा सुरक्षा चेकजाँच गर्दै भित्र पठाउदै गरिएको देखिन्थ्यो । सुरक्षाकर्मीहरूले त्यो दृश्य देखिसकेपछि यही भवनको भित्र नै लेनिनको शव राखिएको होला भन्ने पूरै अनुमान लगाएँ मैले । हाम्रो चेकजाँच सुरु भयो । त्यसपछि हामीलाई मूल ढोकाबाट भित्र पस्न भनियो । पहिलो कोठामा पुग्यौं, त्यो एउटा हल जस्तै थियो । त्यहाँबाट पनि पश्चिमतिरको कोठातिर पस्ने रहेछ । पहिले दिमित्री भित्र पस्नु भयो, म पनि उहाँसँगै भित्र पसे । साथीहरू पनि लहरै भित्र पस्नुभयो । कोठा अलि अँध्यारो थियो ।

महान् लेनिनको पार्थिव शरीर (शव) लाई पूर्वतिर सिरानी राखेर आरामले सुताइएको रहेछ । अनुहार र हातहरूमा चम्किलो बिजुलीको प्रकाश दिइएको रहेछ । नजिकै पुगेर, लाइनबद्ध रहेर महान् लेनिनको त्यस पार्थिव शरीर (शव) माथि मुठ्ठी उठाएर लाल सलामको सलामी चढाएर भावपूर्ण तरिकाले सम्मान गरियो । त्यो क्षण अत्यन्तै ऐतिहासिक एवम् अविस्मरणीय रह्यो मेरो जीवनमा ।

महान् लेनिनको बारेमा त सानै उमेरदेखि, कम्युनिष्ट पार्टीमा लागेदेखि नै धेरै पटक मैले पढिसकेको थिए । महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको इतिहास पनि कम्युनिष्ट पार्टीमा आबद्ध भएदेखि लामो अवधिमा धेरै पक पढ्दै आएकै थिए । तर मेरो जीवनमा लेनिनकै देशमै पुगेर, लेनिनको त्यो ऐतिहासिक शव राखिएको स्थानमा स्वयम् भौतिक रूपमा उपस्थित भएर लेनिनको शवमाथि मुठ्ठी उठाएर लालसलामको सलामी चढाउने अवसर पाउँदाको त्यो क्षण मेरो जीवनको लागि ज्यादै महत्वपूर्ण ऐतिहासिक र अविस्मरणीय रह्यो ।

मस्कोमा लेनिनको पार्थिव शरीरलाई जस्ताको तस्तै राखिएको छ रे भन्ने कुरा त सुनेको थिए । तर त्यही नै पुगेर सलामी दिन पाउँला भनेर मैले कल्पना पनि गरेको थिएन । तर त्यो अवसम्भव थिएन नै । संभव भयो पनि । त्यो पनि लेनिन कै नेतृत्वमा सम्पन्न गरिएको महान् रुसी अक्टुबर समाजवादी क्रान्तिको सत वार्षिकी उत्सव मनाउने सन्दर्भ मिलाएर रुसी कम्युनिष्टहरूले हामी विश्वका धेरै कम्युनिष्ट प्रतिनिधिहरूलाई आमन्त्रण गरेर मनाउन गइरहेका ऐतिहासिक अवसरको बेला पारेर । यो अवसर रुसका क्रान्तिकारी कम्युनिष्ट नेताहरू दिमित्री कोन्चेन्को भादिम कुजमिन आदि नेताहरूले जुटाइ दिनु भएको थियो । यो अवसरले मैले मेरा धेरै इच्छाहरू पूरा भएको अनुभूति गरेको थिए मैले ।


त्यस अविस्मरणीय क्षण पश्चात् हामी विशाल रेडस्क्वायर मैदानभएतिर निस्कियौं । लेनिन मेमोरियल भवनको छेउँबाट रेडस्क्वायर मैदानतिर अगाडि बढ्ने क्रममा मैले कमरेड दिमित्री पहिलो चरणमा र दोस्रो चरणमा कमरेड एलेक्सी यन्तोन, एलिशाका साथमा ऐतिहासिक फोटोहरू खिचाएँ ।

अन्तिममा रेडस्क्वायर मैदानको बीचभागमा पुगेर युरोपियन टोली र नेपाली टोली सहित रुसी कमरेडहरूका साथमा सामुहिक फोटाहरू खिचायौं । त्यो ऐतिहासिक क्षण मेरो जीवनकै लागि एक अविस्मरणीय क्षणको रूपमा ग्रहण गर्दै मनले नमान्दा नमान्दै महान लेनिनको पार्थिव शरीरको अवलोकन गर्ने र सलामी चढाउने कार्यक्रम समान गर्‍यौं । जीवनभर कम्युनिष्ट पार्टीमा लागेर देश, जनता र क्रान्तिप्रति समर्पित भएकै कारणले होला त्यो ऐतिहासिक क्षणलाई मैले जीवनभर भुल्न नसक्ने अनुभूति बटुलेर त्यहाँबाट हामीहरू बाहिरियौं ।



## कविता

## इच्छुकका कवितांश



● कृष्णसेन इच्छुक

### झुल्केघामका राता किरणहरू

ए ! सानासाना नानी, ए ! प्रिय भाइबहिनीहरू
मिरमिरेपछिका ए ! सुनौला विहानीहरू

नरोउ तिमी मुस्कुराउँदै उठ
नरोउ तिमी जुर्मुराउँदै उठ
पीडाका आरनहरूमा पाइन चढेर
तिमी तेजिलो धार बन्दै उठ
दुःखका आगो ओकल्ने भट्टीहरूमा
तिमी इस्पाती तरबार बन्दै उठ
उठ गरिबीका विरुद्ध लड्ने योद्धा बनेर उठ
उठ विषमताको विरुद्ध लड्ने मोर्चा कसेर उठ

हुर्क तिमी यिनै अभावहरूमा हुर्क
हुर्क तिमी यिनै दबाबहरूमा हुर्क

शिरमाथि सिङ्गो आकाश उचाल्न सक्ने तिमीहरू, बच्चाहरू
बाहुलीमा सम्पूर्ण संसार थाम्न सक्ने तिमीहरू, बच्चाहरू
*(झुल्केघामका राता किरणहरू - पृष्ठ ४३बाट)*

### काठमाण्डौं मेरो देशको राजधानी

यो राजधानी, जहाँ ठूलाठूला साहुजीहरू छन्
बडेबडे लालाजीहरू छन्, दिनरात गुप्त मन्त्रणामा ब्यस्त
सफेदपोस बाबुजीहरू छन्, प्रत्येक दिन साँझ विहान यहाँ
सिंगो नेपालको मोलतोल हुन्छ, राष्ट्रघाती गद्दार हरूका मुखमा
जहाँ केवल नेपाली खोल हुन्छ, विदेशका महङ्गा दामहरूमा
स्वदेशको सस्तो गरिबी बेच्न, प्रत्येक दिन साँझविहान जहाँ
राष्ट्रको स्वाभिमान लिलाम हुन्छ, काठमाण्डौं मेरो देशको आँखाँको नानी
यस्तो लाग्छ, यो कुनै दृष्टिभ्रमहरूको नगर हो
जहाँ अभाव भन्नु पनि छैन,दवाव भन्नु पनि छैन
*(काठमाडौं मेरो देशको राजधानी - पृष्ठ ४९ बाट)*

### आदिवासी दिवस र भिखारिंदास सदा

र हातमा फगत कोदालो सिवाय,केही छैन तिम्रो सम्पतिको नाममा
भिन्सारै उठ्यो,बोक्यो खर्पन र कोदालो,
निस्क्यो मजदुरीमा माटो काट्यो, सम्यायो खेतबारी,
तर जति सम्याएपनि धर्तीको माटो, सम्मिएन कहिल्यै,
हिमचुलीजस्तै अग्लो विषमता समाजको ...
आदिवासी दिवसको दिन, म सोच्ने प्रयास गर्छु
भिखारिंदास सदा !, छातीभत्रि तिम्रो दुर्गम प्रदेशमा
चल्छ कि चल्दैन हिजोआज, असन्तोषको ठूलो आँधीवेहेरी
या फाट्तैछ, कालोबादलजस्तै, तिम्रो पींडाको बाक्लो तुवाँलो ?
मधेशको तातो हावासँग,म सोध्ने प्रयास गर्छु ।
*(आदिवासी दिवस र भिखारिंदास सदा पृष्ठ १६३,६४)*

### रोगी देश

यो पीडा मेरो होइन,देशको पींडा हो ।
यो पीडा तिम्रो होइन,युगको पीडा हो ।
बिदा भएर गएको वूढो शताब्दी जस्तो,अस्पतालको शैप्याबाट
अशक्त र रोगाक्रान्त भएर ढलिरहेछु म
बाढी आइरहेको बेला, छालहरू उर्लिरहे जस्तै
मनभत्रि चिन्ताका हिमतालहरू फुटिरहेछन् ।
र यस्तो लाग्छ, आज मलमपट्टि होइन
यो देशले पूर्ण रोग नै जडननिर्मूल पार्ने
एउटा ठूलो चिरफार खोजिरहेको छ ।
*(रोगी देश -पृष्ठ १८३)*

सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

'वर्गबोध'

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।
प्रकाशन विभाग
वर्गबोध त्रैमासिक

## प्रदेश...

प्रदेश अत्यन्तै कमजोर छ । प्रदेशलाई स्थानीय स्वायत्त शासन ऐनले दिएको अधिकार पनि दिइएको छैन । संघ र प्रदेशबीचको साझा सूची तथा प्रदेश र स्थानीय निकायबीचको साझा सूचीका विषयमा पनि केन्द्रलाई कानुन बनाउने अधिकार दिइएको छ । जबकि भारतका कतिपय ट्राइबल राज्य र स्वायत्त क्षेत्रमा केन्द्रले बनाएको कानुन राज्य र स्वायत्त क्षेत्रसभाले अनुमोदन नगरेसम्म लागू हुँदैन । यो संघीयता पञ्चायतकालीन १४ अञ्चलको नमुना हो । त्यसैले यो संविधानमा बनाइएको संघीयता असफल भएमा कुनै अचम्म मान्नुपर्ने छैन । किनकि यो संविधान पहिले प्रदेशलाई असफल बनाउने र त्यसपछि संघीयतालाई नै असफल बनाउने ढाँचामा ल्याइएको छ ।

**स्वशासन र स्वायत्तताको अपहरण**

आदिवासी जनजाति आन्दोलन, २०६२/६३ सालको जनआन्दोलन, माओवादी सशस्त्र संघर्ष र मधेश विद्रोहले नेपालको शक्ति संरचनामा आधारभूत परिवर्तनको आकांक्षा राखेका थिए । गणतन्त्र त्यसको आवरण थियो । सार कुरा- विद्यमान जातीय तथा क्षेत्रीय उत्पीडनको अन्त्य गर्ने पहिचान र संघीयतासहितको राज्यको पुनर्संरचना तथा राज्यसत्तामा सबै नेपालीको समान र न्यायपूर्ण सहभागिता हो । संघीयता त्यसका लागि माध्यम थियो ।

संघीयताको आदर्श भनेको स्थानीय र क्षेत्रीय तहमा स्वशासन र स्वायत्तता र केन्द्रमा साझा शासन हो । यस्तो बहुजातीय देशमा अन्तर्राष्ट्रिय कानुनी मान्यताअनुसार उत्पीडित जाति र समुदायको पहिचानसँगै त्यो समुदायको स्वशासन र स्वायत्तता तथा सामूहिक अधिकार जोडिएको हुन्छ । आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रअनुसार आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ, जसको अभ्यास आदिवासी जनजातिले स्वशासन र स्वायत्ततामार्फत गर्न सक्दछन् । त्यस्तो स्वशासन स्वायत्त प्रदेश क्षेत्रको राजनीतिक आर्थिक सांस्कृतिक क्षेत्रमा आदिवासी जनजातिहरूको अग्राधिकार हुन्छ । राज्य पुनर्संरचना समिति र सुझाव आयोगले स्वायत्त प्रदेश र क्षेत्रमा सम्बन्धित बाहुल्य जातिलाई दुई अवधिका लागि प्रमुख पदमा अग्राधिकार हुने प्रस्ताव पनि गरेका थिए । पहिलो सविधानसभाको प्राकृतिक स्रोत र आर्थिक अधिकार समितिले आदिवासी जनजातिलाई प्राकृतिक स्रोत साधनमाथि प्राथमिक अधिकार हुने सिफारिस पनि गरेको थियो । भारत र चीनमा समेत अल्पसंख्यकलाई यस्तो व्यवस्था गरिएको छ ।

तर यो संविधानले पहिलो संविधानसभाको समिति र आयोगको उक्त सिफारिसलाई लत्याएको छ । उत्पीडित आदिवासी जनजाति र मधेशी समुदायलाई आत्मनिर्णय, अग्राधिकार, स्वशासन र स्वायत्तताको अधिकार दिइएको छैन । यसले उत्पीडित जाति र समुदायलाई सत्ताको मालिक र सत्ता साझेदार बनाउँदैन । संविधान लागू गर्ने क्रममा नेपालका आदिवासी जनजातिलगायत अन्य उपेक्षित/उत्पीडित वर्ग समुदायले प्रतिगामी ठानेको यही संविधानमा समेत व्यवस्था गरिएको स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र पनि कटौती गरिएको छ । यो संविधान प्रदत्त स्वशासन र स्वायत्तताको अपहरण हो । संविधानमा आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको छ । तर संविधानमा उक्त आयोगको काम, कर्त्तव्य र क्षेत्राधिकारका विषयमा केही पनि बोलिएको छैन । यो सत्ताधारी दलले आफ्ना पार्टीका कार्यकर्तालाई जागीर खुवाउन प्रयोग गर्ने थलोजस्तो बनेको छ ।

**जातीय पहिचानको सवालमा पहिलो संविधानसभा**

नेपालका आदिवासीहरूले आफ्नो जातीय पहिचान र अधिकारका लागि नेपालमा लामो समयदेखि संघर्ष गर्दै आएका कुरा माथि नै उल्लेख गरिएको छ । उनीहरूले उठाएका जातीय पहिचान र अधिकारका मुद्दालाई विभिन्न समयमा संचालन भएका जातीय आन्दोलन र तत्कालीन नेकपा (माओवादी)ले संचालन गरेको १० बर्षे जनयुद्धले पनि जातीय मुक्ति आन्दोलनको एउटा मूल मुद्दाको रूपमा उठाएका थिए । नेपालमा भएको २०६२/६३ को जनआन्दोलनको बेला त जातीय पहिचान र समावेशी राज्यको मुद्दा प्रखर रूपमा उठेको थियो । त्यतिबेला जातीय पहिचान र समावेशी राज्यसत्ताको मुद्दा आदिवासी जनजातिको मात्र नभएर आन्दोलनरत सबै राजनीतिक दलको साझा राजनीतिक मुद्दाको रूपमा स्थापित भएको थियो । नेपाली जनताको बल र बलिदानपूर्ण योगदानबाट नेपालमा एकात्मक र केन्द्रीकृत राज्यसत्ता पराजित भयो । त्यसको ठाउँमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । त्यसपछि जारी भएको नेपालको अन्तरिम संविधान २०६३ ले जाति, वर्ग, धर्म, लिङ्ग, भाषा, क्षेत्रका आधारमा राज्यद्वारा भएको विभेदको अन्त गर्न एकात्मक र केन्द्रीकृत राज्यसत्ताको अन्त गरी समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीसहितको अग्रगामी राज्य पुनर्संरचना गर्ने सुनिश्चितता प्रदान गऱ्यो (हेर्नुस अन्तरिम संविधानको भाग १७ धारा १३८) । अन्तरिम संविधानले आदिवासी जनजातिलगायत अन्य उत्पीडित/उपेक्षित जाति, वर्ग, क्षेत्र र लिङ्गको भावना र चाहनाअनुरूप संघीय शासनप्रणालीअन्तर्गत स्वायत्त र अधिकार सम्पन्न प्रदेश तथा स्वायत्त क्षेत्रहरूको स्थापना गर्ने थप सुनिश्चितता प्रदान गरेको थियो । अन्तरिम संविधानअन्तर्गत २०६४ सालमा सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा निर्वाचित जनजाति समुदायका २१८ सभासदले जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना हुनुपर्छ भन्ने जनजातिका मुद्दालाई संविधानसभामा पनि प्रखर रूपमा उठाए । संविधानसभाको पहिलो निर्वाचनद्वारा गठित संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाडफाँड समितिले तयार पारेको प्रतिवेदनले पनि पहिचानका पाँच आधार (जाति, समुदाय, भाषा, संस्कृति र भौगोलिक क्षेत्रसँगको निरन्तर ऐतिहासिक सम्बन्ध) र सामर्थ्यका चार आधार (आर्थिक विकास, प्रशासनिक सुगमता, भौगोलिक क्षेत्र तथा प्राकृतिक श्रोत सम्पदाको उपलब्धता)लाई मानी नेपालमा १४ प्रदेश र २३ स्वायत्त क्षेत्रको प्रस्ताव संविधानसभामा पेस गरेको थियो । त्यसैगरी अन्तरिम संविधानको आधारमा नेपाल सरकारले गठन गरेको राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगले पनि संविधानसभाको राज्य पुनर्संरचना समितिले प्रस्तुत गरेको पहिचान र सामर्थ्यलाई नै मूल आधार मानी नेपालमा १० भौगोलिक र १ गैरभौगोलिक प्रदेश तथा २३ स्वायत्त क्षेत्रको सिफारिस गरेको थियो ।

सोही बेला आदिवासी जनजाति र नेपाल सरकारबीच २०६४ साउन २२ गते सम्पन्न २० बुँदे सहमति र २०६९ जेठ ९ गते सम्पन्न ७ बुँदे सहमतिलगायत विभिन्न समयमा लिम्बुवान र थरुवान/थरुहटसँग भएका सहमति सम्झौतामा पनि जातीय पहिचान र भूगोलको आधारमा राज्यको पुनर्संरचना गरिने छ भनी सरकारबाट प्रतिबद्धता जाहेर भएको थियो । यसरी जनयुद्ध र जनआन्दोलनको जनादेश, अन्तरिम संविधानको भावना र मर्म, आदिवासी जनजातिहरू र नेपाल सरकारबीच भएका सहमति सम्झौता, संविधानसभा राज्यपुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र राज्य पुनर्संरचना उच्चस्तरीय सुझाब आयोगको सिफारिसका आधारमा पनि जातीय पहिचानको आधारमा राज्य पुनर्संरचना हुनुपर्ने हो । त्यस्तै, राजनीतिक दलहरूका प्रतिबद्धता तथा संविधानसभामा आदिवासी जनजातिलगायत पहिचानवादी सभासदहरूको भूमिका आदिका कारण नेपाली जनताको भावना र चाहनाको कदर गरी नेपालमा पहिचान सहितको संघीय लोकतान्त्रिक गणतन्त्र सुनिश्चित भएको समावेशी संविधान जारी हुने प्रबल सम्भावना थियो । तर देशका प्रमुख राजनीतिक दलहरूको गैरराजनीतिक चरित्र र जनताप्रतिको गैरजिम्मेवारीका कारण संविधानसभामा पहिचान पक्षधर दुई तिहाइ सभासदहरू हुदाहुदै पनि संविधानसभाले नेपाली जनताको संविधान जारी गर्न सकेन । बरु संविधान जारी गर्नुको सट्टा २०६९ जेठ १४ गतेको मध्यरातमा नाटकीय ढंगबाट संविधानसभा कै अवसान गराइयो । यसरी संविधानसभाको अवसान हुनु नेपालका विभिन्न ऐतिहासिक कालखण्डमा भएको जनआन्दोलन र जनयुद्धमा नेपाली जनताले बगाएको रगत र पसिनाको अवमूल्यन र अपमान थियो । यो नेपाली जनताप्रतिको धोखा थियो ।

संविधानसभाको अवसान भएपछि संविधानसभाको अवसान हुनुमा तत्कालिन नेकपा (माओवादी), नेपाली काँग्रेस र तत्कालिन नेकपा (एमाले) ले एकले अर्कालाई दोषारोपण गरे । तर यो एउटा नाटक मात्र थियो । संविधानसभा अवसान हुनुमा ती तीनै राजनीतिक दलहरू सबै दोषी थिए । उनीहरूले संविधानसभा अवसान गरिनुको मूल कारण आदिवासी जनजातिको पहिचानलाई मेटाउनु र उनीहरूलाई अधिकार सम्पन्न नबनाउनु नै थियो । यस कार्यमा जुनसुकै दलका भएपनि र जस्तोसुकै क्रान्तिकारी कुरा गरेता पनि ती तीनै राजनीतिक दलका नेताहरू अन्तः एक ठाउँमा उभिए । सारमा भन्दा, ती राजनीतिक दलका नेताहरू गैरजनजाति हुनु र उनीहरू सबै सामन्ती ब्राह्मणवादी विचार र चिन्तनबाट ग्रसित हुनु नै संविधानसभा अवसानको एउटा प्रमुख कारण थियो । त्यसैले उनीहरूले आदिवासी जनजातिका पहिचान र अधिकार सुनिश्चित गराउने संविधान जारी गराउनुभन्दा संविधानसभा कै अवसान गराउन उचित ठाने र गराए ।

**संविधानसभाको अवसानपछिको राजनीतिक परिदृष्य**

संविधानसभाको अवसानपछि मुलुकको शासनसत्ता राजनीतिक दलहरूको हातबाट कर्मचारीतन्त्रको हातमा गयो । परिणाम स्वरूप देशमा केही समय संवैधानिक र राजनीतिक संकटको स्थिति सिर्जना भयो । यस्तो स्थितिमा पनि कर्मचारीतन्त्रको सरकारले शासनसत्ता सम्हालेको एक वर्षपछि अर्थात २०७० सालमा आदिवासी जनजाति लगायत कैयन राजनीतिक दलका विरोध र बहिस्कारको बाबजुत पनि संविधानसभाको दोश्रो निर्वाचन सम्पन्न भयो । नेपालका आदिवासी जनजातिप्रति ऐतिहासिक कालदेखि नै विभेदकारी र उत्पीडनकारी कर्मचारीतन्त्रको राज्यसत्ताले सम्पन्न गराएको निर्वाचनमा आदिवासी जनजातिकापहिचानपक्षधरप्रतिनिधिहरू निर्वाचित हुने संभावना स्वभावैले कम थियो । त्यसैले संविधानसभाको दोश्रो निर्वाचनमा आदिवासी जनजातिका प्रतिनिधिहरू पहिलो निर्वाचनको तुलनामा कम मात्र निर्वाचित भए । निर्वाचित भएका जनजातिका प्रतिनिधिमध्ये पनि संविधानसभाको पहिलो निर्वाचनमा निर्वाचित भएका जनजाति सभासदजस्ता पहिचानको पक्षमा सशक्त रूपमा आफूलाई संविधानसभामा प्रस्तुत गराउन सक्ने क्षमता र मनोबल भएका ज्यादै न्यून थिए । पहिचानका पक्षधर अन्य समुदायका प्रतिनिधिहरू पनि कमै संख्यामा निर्वाचित भए । परिणामस्वरूप संविधानसभामा पहिचानको मुद्दा कमजोर हुँदै गयो ।

जातीय पहिचान र अधिकारको लागि राज्यका विरुद्ध आन्दोलन गर्ने जिम्मेवारी लिएको आदिवासी जनजातिका साझा संगठन नेपाल आदिवासी जनजाति महासंघको भूमिका पनि तत्कालीन समयमा आदिवासी जनजातिहरूको पहिचान स्थापित गर्ने र अधिकार सुनिश्चित गर्ने दिशातिर लक्षित हुन सकेन । विशेषगरी नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वपंक्ति जातीय पहिचान र अधिकारलाई मूल मुद्दा बनाएर प्रस्तुत हुन सकेनन् । उनीहरू महासंघसँग आबद्ध भएका र नभएका जातीय संस्थाहरू तथा विभिन्न राजनीतक दलसँग आबद्ध जातीय मोर्चाहरूसँग समन्वय र सहकार्य गरी पहिचानमुखी आन्दोलनको अगुवाइ गर्नेतिर भन्दा आफ्नो व्यक्तिगत र आफू सम्बद्ध राजनीतिक दलको स्वार्थतिर बढी ढल्किए । परिणामतः आदिवासी जनजातिको सडक आन्दोलन पनि स्वतः कमजोर भयो ।

माथि उल्लेख गरिएको राजनीति पृष्ठभूमिमा देशभरि छरिएर रहेका आदिवासी जनजातिका संघ/संस्था, राजनीतिक दलसँग आबद्ध भएका जातीय मोर्चा, स्वतन्त्र रूपमा रहेका जनजाति अधिकारकर्मी र बुद्धिजीवरुलाई गोलबन्द गरी जातीय पहिचानलाई मूल मुद्दा बनाई देशव्यापी रूपमा सशक्त आन्दोलन गर्ने उद्देश्यले मानवअधिकारवादी नेता पद्यरत्न तुलाधरको संयोजकत्वमा २०७१ असोजमा आदिवासी जनजाति राष्ट्रिय आन्दोलन (आजराआ), नेपालको गठन भयो । आजराआले पहिचानसहितको संघीयता र संघीयतासहितको संविधानलगायत राज्यका सबै अंग र तहमा समावेशी समानुपातिक प्रतिनिधित्वजस्ता महत्वपूर्ण मुद्दा लिएर देशव्यापी आन्दोलन सुरु गरेको थियो । तर त्यति नै बेला २०७२ बैशाख १२ गते देशमा गएको विनाशकारी महाभूकम्पले आजराआको जातीय मुक्ति आन्दोलनलाई प्राकृतिक प्रकोपको उद्धार कार्यतिर धकेलीदियो । परिणामतः आजराआको पहिचानमुखी आन्दोलन पनि विस्तारै शिथिल बनेर गयो । सबै पहिचानमुखी र अधिकारका लागि आन्दोलन गरिरहेका सबै संघ/संस्थालगायत समस्त नेपाली जनताको ध्यान महाभूकम्पतिर केन्द्रित भएको अवसर पारेर नेपालका ठूला भनिने राजनीतिक दलका षडयन्त्रकारी नेता तथा तिनै नेताहरूका पृष्ठपोषक राज्यसत्ताको साठगाँठमा २०७२ असोज ३ गते हतारहतारमा नयाँ संविधान जारी भयो । यसरी अत्यन्त दुःखद र प्रतिकूल परिस्थितिको मौका छोपेर जारी गरिएको संविधानले आदिवासी जनजातिको आशा र आकांक्षालाई सम्बोधन गर्न सकेन । न संविधानले नेपाली समाजको विशेषताअनुरूप बहुल राष्ट्रिय राज्यको अवधारणालाई आत्मसात गर्न सक्यो न त नेपालका आदिवासी जनजातिहरूको पहिचानलाई संवैधानिक मान्यता दिन र उनीहरूको अधिकारलाई स्थापित गर्न सक्यो । संविधानले बरु उल्टै नेपालमा सदियौँदेखि वर्ग, जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रको आधारमा भइराखेका सामाजिक विभेद र राजनीतिक उत्पीडनलाई यथावत रूपमा निरन्तरता प्रदान गर्ने काम गऱ्यो । संविधानले आदिवासी जनजातिहरूले माग गरेअनुसार जातीय पहिचानको आधारमा संघीय प्रदेशहरूको निर्माण गर्न पनि सकेन । संविधानले त आदिवासी जनजातिहरूको चाहना र भावना विपरीत नेपाललाई ७ प्रदेशमा विभाजित गरी ती प्रदेशको नामकरण पहिचानको आधारमा नगरी संख्याको आधारमा गरिदिएको छ । त्यसैले यस्तो यथास्थितिवादी र विभेदकारी संविधानलाई नेपालका आदिवासी जनजातिहरूले सहज रूपमा स्वीकार गर्न सकेका छैनन् र नयाँ संविधानलाई प्रतिगामी संविधानको संज्ञा दिन बाध्य भएका छन् ।

क्रमशः...

दुर्वाच्य | रामचन्द्र हुमागाई



## यसकारण छ अर्को संघर्षको आवश्यकता

हाम्रोजस्तो देशमा संघर्ष विना समाज बाँच्न नसक्ने रहेछ । संघर्षका अनेक रूप अपनाउँदा पनि रिँकुताको अन्त्य हसन सकेको छैन । मानिसको जन्म देखि मृत्युसम्म संघर्षले गाँजेको हुन्छ । सबैभन्दा ठूलो संघर्ष भनेको मानिसले बाँच्नका लागि गर्ने संघर्ष हो । अर्को महत्वपूर्ण संघर्ष भनेको राजनीतिक संघर्ष हो । यो राजनीतिक संघर्षलाई चाँही कतिपय मासिनसले आफ्नो स्वार्थसँग दाँजेका हुन्छन् । कसैको संघर्ष शुरु देखिनै स्वार्थसँग दाँजिएको हुन्छ भने कसैले पछि आएर स्वार्थसँग सम्झौता गर्न पुग्छन् ।

हेरौं न नेपालको संघर्षको इतिहास । २००७ साल अगाडि नेपालमा एकतन्त्रीय राणाहरूको शासन थियो, त्यो शासनसँग राजा र कांग्रेसले सँयुक्त संघर्ष गरे र सत्तासँग सम्झौता गरे । नियमित श्री ३ महाराज जुद्धशम्शेरलाई प्रधानमन्त्री बनाइयो । सम्झौतामा बनेको सरकारले आफूलाई परिबर्तन गर्न सकेन, एकवर्ष पनि काम गर्न नसकेपछि राणा हटाइए । राणा हटेपछि जनताको हातमा शासन आएको कागजी नारा मात्रै घन्काइयो, आखिरमा व्यवहार जस्ताको तस्तै । आखिर उही वेलायती साम्रज्यवादको सुधारमुखी शासन व्यवस्था न थियो त्यो ?

०७ साल पछि एकथरी संघर्षको मैदानमा होमिइरहे, अर्कोथरी सरकारमा रजाइँ गर्नथाल्यो । आखिर भोका स्यालहरूको संघर्ष न थियो ! सिनोमाथिको अधिकार रमाएर उपयोग गरियो । सर्वसाधारण खालिखुट्टा र कछाडमै सीमित रहे । ०१७ सालसम्म यसैगरि वित्यो । राजा महेन्द्रद्वारा 'कू' गरिएको भनिएको कांग्रेसको सरकार खोरपस्यो, नयाँ तानाशाहको रूपमा पञ्चहरूको उत्पादन गरेर राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागु गरे । सँविधानमाथि राजपरिवारलाई राखेर निर्माण गरिएको सम्विधान जारी भएकै दिनदेखि जल्नथाल्यो । आखिर राजा महेन्द्र पनि निरँकुशताका प्रतिनिधि पात्र कहलिए । ०७ सालमा महेन्द्रका पिता त्रिभुवनले भारतसँग गरेको सम्विधानसभाको निर्वाचन पनि यसैक्रममा तुहियो ।

०१७ साल देखि ०२७ सालसम्म राजा महेन्द्रले पञ्चको काँधमा बन्दुक राखेर राम्रोसँग शासन गरे । कांग्रेस र कम्युनिस्ट सडक, सहर र जँगलमा बसेर संघर्ष गरिरहे । खासगरि भन्ने हो भने उपल्लो दर्जाका नेता सकैलाई भारतले आश्रय दिएर उतैबाट कार्यकर्ता परिचालन गरिरहे । तर, यो अवधिमा राजा महेन्द्रले निकै महत्वपूर्ण काम पनि गरिरहे । ठूला देखि साना रोजगारीका उद्योगहरू स्थापना गरेर देशलाई आत्मनिर्भर मुखि बनाउँदै लगेका थिए । ०२८ साल माघमा उनको अप्रत्याशित रूपमा मृत्युभयो । यो मृत्युले महेन्द्रलाई आँखाको कसिंगर सम्झिनेहरूले राहतको सास फेरे । केही हद्सम्म देशले नोक्सानी पनि व्यहोर्नुपऱ्यो । त्यो नोक्सानीको क्षतिपूर्ति अहिलेसम्म पनि हुन सकेको छैन । हुँदा पनि हुदैन ।

राजा महेन्द्रको मृत्युपछि केही पञ्चहरूले पनि निकै लामो सास फेरे । जो पञ्च त थिए तर राजा र व्यवस्थाका नाममा राजगरिरहेहरूलाई ठूलो धक्का लागिसकेको थियो । २०२८ साल देखि ३६ सालसम्म पञ्चायत भित्रभित्रै रुमलिइ सकेको थियो । मुमा बडामहारानी रत्न र रानी ऐश्वर्यको मनोमानीले राजा विरेन्द्र रक्सीको प्याला भित्र पसिसकेका थिए । उनी नराम्रोसँग बियरको लतमा फसिकेका थिए । ०३६ सालको छोटो संघर्षले नै उनलाई जनमतसँग्रहको घोषणा गर्न वाध्य तुल्यायो तर राजपरिवारका अन्य नाइकेहरूको चँगुलमा फसेर राजनीतिक दलहरू समेत प्रोक्सी जनमगसँग्रको परिणाम स्वीकार्न बाध्य भए । राजा विरेन्द्रलाई सुधारिएको पञ्चायती व्यवस्थाको सुँगारटान गराइयो ।

०३६ सालको जनमतसँग्रपछि पनि संघयर्षको अन्त्य भएन । कांग्रेस एकथरी पञ्चायत पसे अर्कोथिरी सत्याग्रहको बाटो हुँदै संघर्षको मैदानमा बसिरहे । यता कम्युनिस्टहरू भूमिगत भएर गाउँपसे । १० वर्षमा गाउँका मानिसमात्रै होइन रुख विरुवा पनि कम्युस्टि भएर निस्किए, फलतः २०४६ सालको जलआन्दोलन सफल त भयो तर माले नामको कम्युनिस्ट पार्टीले आफैंले गाउँमा रोपेको कम्युनिस्टको पोसिलो पात टिप्न र फस्टाउन सकेन । भन्न त कांग्रेस यो आन्दोलन हामीले गरेको भन्छ तर त्यो आन्दोलनमा पञ्च र कांग्रेसको नामोनिसान कतै थिएन, थियो त २०४६ साल चैत २४ गते खुलामञ्चमा निस्किएको बिशाल जुलुसमा अग्ला अग्ला झण्डा देखिएका थिए र फागुन ७ गतेदेखि आन्दोलन गर्ने भनि राजनीतिक पार्टीको सम्झौतापत्रमा गिरिजाप्रसाद कोइरालाको हस्ताक्षर थियो जुन हस्ताक्षरको दस्तावेज अहिले पनि अध्याबधिक हुनुपर्छ ।

२०४६ सालमा राजा विरेन्द्रले जनआन्दोलन कस्तो हुदोरहेछ भन्ने कुरा नारायणहिटीको झ्यालैबाट हेरे । दरवारमार्गको करफ्यु तोडिएको जुलुस, महेन्द्रको सालिकमा ठोकिएको गोलीको आवाजले उनलाई रातैभरि निद्रा लागेन । बिहानै उठेर रेडियो र नेपाल टेभिभिजनको पर्दाबाट बोलिदिए, 'निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको शुरुआत' । यो शव्द कांग्रेसलाई बढीभयो, कम्युनिस्टलाई पुगेन । त्यतिवेलाको जल्दोबल्दो कम्युनिस्ट भनेको माले थियो, मालेले एकैदिन तीन तीन वटा वक्तव्य बजारमा फ्यालिदियो, आखिरमा उसले पनि बहुदलीय व्यवस्थालाई स्वीकार गरेरनै अन्तिम वक्तव्य आएको थियो । सघर्ष यहाँ पनि टुङ्गिएन । आखिर, निरँकुशता रहुन्जेल संर्घर्ष नटुङ्गिने रहेछ ।


बहुदलीय व्यवस्थाको घोषणापछि पञ्चहरू वौलाए तर बहुदलवादीहरूले काम गर्न सजिलो हुन्छ भनि उनीहरूको पञ्चखत माफिगरिदिए । तर, पछि त्यही माफि अभिसाप भएर आयो । ३०/३० वर्ष शासन गरेर बसेका पञ्चहरू प्रत्यक्ष र परोक्ष रूपमा वदला लिन प्रयत्नरत रहे तर जनताको संघर्ष निरन्तर रहिरहेकाले ती प्रयासहरू असफल भए । २०४७ सालमा बहुदलीय सम्विधान आयो । यो सम्विधानमा पनि तगाराहरू नतेर्सिएका होइनन् । खेमा खेमामा विभाजित भए पनि यसको उपलव्दिको रक्षागर्नुपर्छ भन्दै सबै कम्यनिस्टहरूले सहयोग गरे । फलतः जनताका अगाडि कसैको केहीलागेन । २०४८ मा त्यही सम्विधान अनुसार निर्वाचन त भयो कम्युनिस्टहरूको विबिधिकरणका कारण कांग्रेसले झिनै भएपनि बहुमत ल्यायो । यो बहुलतले कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालालाई घमण्डको शिखरमा पुऱ्यायो । उनले सर्वसत्तावादमा जानखोजे तर कांग्रेसभित्रैको कलहले उनलाई सँसद् विघटन गर्न वाध्य तुल्यायो, त्यो वाध्यताको प्रतिफल अहिले पनि भोगिरहेको छ ।

यसपछि भएको आम निर्वाचनमा मालेबाट एमाले भएको पार्टीले बहुमत त ल्याएन, सरकार बनाउँने हैसियतमा निर्वाचन जित्यो तर नौ महिना पनि काँग्रसले टिक्न दिएन । त्यपछि निर्वाचित कांग्रेसकै नेता शेरवहादुर देउवा प्रधानमन्त्री भए । यही वेला तीनवटा कम्युनिस्ट घटक मिलेर ४० बुँदे ज्ञापन पत्र बुझाउँदा पनि कुनै सुनुवाई नभएपछि जनयुद्ध शुरु भयो । यो जनयुद्धले १० वर्षमा १७ हजार भन्दा वढी मानिसको ज्यान लियो, घाइतेहरूको सँख्या त कति हो कति । यत्रो उपलव्दिको प्रतिफल देशले गणतन्त्र त हात पाऱ्यो तर गणतन्त्रमा जनता कहाँ रहन्छन् भन्ने कुराको टुङ्गो अझै पनि लाग्न सकेको छैन । यसका लागि फेरि अर्को संघर्षको आवश्यकता छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानपुर
फोन नं. : ०१-५१८०२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म



काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९१
- ९८१७७११६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८५५६९०
- ९८१५७८६८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# अवसरवादविरुद्ध संघर्ष र क्रान्तिकारी ध्रुवीकरणका कुरा


● धनेश्वर पोखरेल 'शिशिर'

गत वर्ष असारमा भएको स्थानीय निकायको र मंसीरमा सम्पन्न संघीय र प्रदेशको निर्वाचनपश्चात् प्रक्रियावादी राज्यसत्ता र संसदिय व्यवस्थाले आफूलाई सुदृढ गरेर कथित बाम नामको गठबन्धन सरकार गठन गरेको छ । दोस्रो संविधानसभापश्चात् बनेको पश्चगामी संविधानको कार्यान्वयनको सिलसिलामा चुनावी प्रक्रिया र सरकार गठनका कामहरू गरेर प्रक्रियावादी तत्वहरूले ठूलो विजय हासिल गरेको अफवाह फैलाइरहेका छन् । त्यसमा पनि प्रचण्ड-ओलीको एकअर्कामा भएको विलय र यिनीहरूको नेतृत्वमा भएको वाम सरकारको गठनपश्चात् यिनीहरूको चुरीफुरी उत्ताउलो ढङ्गले निकै बढेको छ ।

यतिबेला यिनीहरू जङ्गलका महत्ता हात्ती जस्तै भएर राष्ट्रमा बबण्डर मच्चाउन थालिरहेका छन् । कहीं नभएको जात्रा हाँडीगाउँमा भने झैं राज्यका प्रत्येक निकाय र संरचनाहरूमा आफ्नो नग्नता प्रदर्शन गरिरहेका छन् । यिनीहरूले के पनि अफवाह फैलाएका छन् भने नेपालमा यतिबेला बहुमतको कम्युनिष्ट सरकार गठन भएको छ । यसले अब मुलुकको समृद्धि र विकासमा फड्को हान्छ । यो सरकार अब एक दशक मात्र हैन, दुई दशकसम्म निरन्तर चल्छ । यसलाई कसैले ढलाउन र गलाउन सक्दैन । अब कसैले कुनै किसिमको आन्दोलन गर्नु पर्दैन, क्रान्ति गर्ने जमाना गयो । अब कुनै किसिमको क्रान्तिको आवश्यकता पर्दैन र हुन दिइन्न पनि आदि, आदि ।

के यो सरकार वामपंथीको हो त ? के यो सरकार साँच्चिकै कम्युनिष्टको हो त ? के यसले वामपंथी चरित्र ग्रहण गरेको छ ? के यसले कम्युनिष्ट सिद्धान्त, दर्शन र आर्दशलाई आत्मसात् गरेको छ ? के यसले मालेमावाद र सर्वहारा वर्गीय विचार र दृष्टिकोणको पक्षपोषण गरेको छ ? के यो साम्राज्यवाद, विस्तारवाद र घरेलु प्रक्रियावादविरुद्ध छ ? के यसले राष्ट्रियता, जनतन्त्र, जनजीविकाका मूलभूत मुद्दाहरूलाई गंभीरतापूर्वक लिएको छ ? के यसले सर्वहारा वर्गको अधिनायकत्व र सशस्त्र बल प्रयोगको भूमिकालाई स्वीकार गर्छ ? के यो राष्ट्रिय मुक्ति र वर्गीय मुक्तिको पक्षमा छ ? के यो विभिन्न जात, वर्ग, क्षेत्र लिङ्गको समस्याहरू हल गर्ने पक्षमा छ ? छैन । माथि उल्लेखित कुनै पनि प्रश्नको जवाफ दिने र राष्ट्र र जनतालाई सन्तुष्ट पार्ने खालको छ, न योसँग कुनै सिद्धान्त र विचार छ । न कुनै नीति र योजना । न कुनै भिजन र सोच छ । न त कुनै पवित्र इच्छाशक्ति पनि । न कुनै स्वाभिमान र नैतिक बल छ । न कुनै हिम्मत र आँट । न त जनता र राष्ट्रपतिको जवाफदेहिता छ, न केहीअरु कुनै । अनि कुन आधारले यो वामपंथी सरकार भयो ? कुन मापदण्डका आधारमा यो कम्युनिष्ट सरकार भयो ? साम्राज्यवाद र विस्तारवादको दलाली, चाकडी र चाप्लुसीमा उसैको आशीर्वाद लिएर बनेको कठपूतली सरकारलाई कम्यूनिष्ट सरकार भन्न सकिन्न। उनिहरूकै रिमोट कन्ट्रोलबाट चलेको रोबोटको सरकारलाई वामपंथी सरकार भन्न सुहाउँदैन र होइन पनि ।

वास्तवमा यो सरकार कम्युनिष्टको कलेवरमा आएका भ्रष्ट, अनैतिक, दलाल तथा सामाजिक फासीवादीहरूको सरकार हो । यो कम्युनिष्ट विचार, सिद्धान्त, दर्शन र आदर्शबाट च्यूत भएका विचलनवादी गद्दारहरूको सरकार हो । वास्तवमा यो सरकार दलाल तथा नोकरशाही पुँजीपतिहरूको प्रतिनिधिसरह हो । समग्रमा भन्नुपर्दा यो सरकार दक्षिणपंथी संशोधनवादी तथा राष्ट्रघाती तत्वहरूको सरकार हो । यसलाई वामपंथी वा कम्युनिष्ट सरकारको रूपमा बुझ्नु अपेक्षा गर्नु महाभूल हुने मात्र हैन, आफै प्रतिको ठूलो भ्रम पनि हो । हुन त नेपाली जनताले उनीहरूको साम, दाम, दण्ड र भेदको सामना गर्न नसकेर कम्युनिष्ट नाममा भोट दिएर त्यो ठाउँमा पुर्‍याए । नहुनु मामाभन्दा कानो मामा निको भन्ने नेपाली उखानलाई चरितार्थ गर्दै नेपाली काङ्ग्रेसको शासनकालबाट विक्षिप्त भएर त्यसको विकल्पको रूपमा यिनलाई अघि सारे । तर यो सरकार र यसका गठबन्धनहरू न त नेपाली कांग्रेसभन्दा फरक नै हुन्, न त वर्गीय चिन्तन मौलिक रूपले फरक नै छ । यिनीहरू एउटै ड्याङका मूला हुन् । साम्राज्यवाद र विस्तारवादको दलाली गर्ने सवालमा यिनीहरू अग्रपंक्तिमा छन् । तसर्थ, यिनलाई वामपन्थी वा कम्युनिष्टको सरकारको रूपमा बुझ्नु भन्दा सामाजिक फासीवादी सरकारका रूपमा बझ्नु तर्कसंगत हुनेछ ।

यो त भयो वर्तमान सरकारलाई बुझ्ने सवाल । अब नेपालको कम्युनिष्ट आन्दोलन र यसभित्रको मूल प्रवृत्तिको विषयमा चर्चा गरौं । यस सम्बन्धमा भर्खरै सम्पन्न ने.क.पा.को प्रतिवेदनमा भनिएको छ नेपाली कम्युनिष्ट आन्दोलनमा विभिन्न रूप र रंगमा दक्षिणपंथी संशोधनबाद प्रकट हुँदै आएको छ । एकथरी अवसरवादीहरू अत्यन्तै नग्न तथा भद्दा रूपमा प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको संरक्षक भएर पेश भएका छन् । अर्काथरी अवसरवादीहरू निकै छद्म रूपमा अवसरवादी र क्रान्तिकारी धाराका बीच दोलायमान हुँदै आएका छन् । त्यति मात्र होइन, यहाँ केही समययता प्रविधिवादका रूपमा पनि अवसरवाद देखा पर्दै आएको छ । त्यसले मानवीय श्रमशक्ति र श्रमिकवर्गको भूमिकालाई नकार्दै प्रविधिलाई प्राथमिक तथा सर्वोपरि स्थानमा राख्ने गरेको छ । समग्रमा आज नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा दक्षिणपंथी संसोधनवाद निकै प्रबल बन्न गएको छ र त्यो प्रतिक्रियावादमा पतन हुन पुगेको छ । माकेको एमालेमा विलय यसै कुराको द्योतक हो ।

प्रतिवेदनमा भने जस्तै एकथरी कम्युनिष्टहरू दक्षिणपन्थी बाटोहुँदै प्रतिक्रियावादमा पतन हुन पुगेका छन् । जसको नेत्तृत्व ओली एण्ड प्रचण्ड कम्पनीले गरेका छन् । अर्कोथरी कम्युनिष्ट हिङ खाऊ कि जिरा खाऊ भन्दै 'ताक परे तिवारी, नत्र गोतामे'को दोलायमान नीति लिएर क्रान्तिकारी धारा र संसदवादी धाराका बीच कहिले यता कहिले उता गरिरहेका छन् । तिनीहरू व्यक्तिगत स्वार्थ र फाइदा लिनका लागि रातारात संसदवादी धाराका सामु लम्पसार पर्न पनि पछि पर्दैनन् । कहिलेकाँही क्रान्तिधारासामु विचार, सिद्धान्त र क्रान्तिका कुरा गर्न पनि पछि पर्दैनन् । उनीहरूको दायाँ खुट्टा सधैं संसदवादी धारातिर र बायाँ खुट्टा क्रान्तिकारी धारातिर सर्दै आएको छ । यसको नेतृत्व विषेश गरी मोहनविक्रम सिंह नेतृत्वको मसालले गरेको छ । यो अत्यन्त खतरनाक प्रवृत्ति हो । यसले जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद र साम्यवादको उदेश्यमा पुग्ने लक्ष्य राख्नुको सट्टा जसरी हुन्छ यही प्रक्रियावादी राज्यसत्ताको अंसियार बनेर पद प्रतिष्ठा लिने र त्यसैमा रमाउन बढी उद्दत देखिन्छ । सम्बन्धका हिसाबले क्रान्तिकारी धारा सितको सम्बन्धभन्दा संसदवादी अर्थात् दक्षिणपंथी अवसरवादी धारासँगको सम्बन्ध प्रगाढ बन्दै जानुले अन्ततः यो प्रवृत्ति उतै मिल्न जाने निश्चित छ ।

अर्कोतर्फ श्रमशक्ति र श्रमवर्गको भूमिकालाई नकार्ने प्रविधिवादका रूपमा देखा परेको अवसरवाद संस्थागत रूपमा नभए पनि प्रायः सबै समूहमा देखा पर्ने गरेको छ । यसले पनि विचार सिद्धान्तलाई न्यूनीकरण गर्दै पुँजीवादले विकास गरेको प्रविधिलाई निर्णायक वस्तु ठान्न पुग्दछ । यसले विचारलाई भन्दा आग्नेय अस्त्रलाई भयंकर शक्तिको रूपमा लिन्छ । तर क्रान्तिको मुख्य निर्णयक शक्ति विचार सिद्धान्त र सर्वहारा वर्गलाई कमजोर ठान्छ । यो कदापि हुन सक्दैन । क्रान्तिको आमूल परिवर्तनको संवाहक शक्ति भनेको सचेत, संगठित, जुझारु सर्वहारा वर्ग नै हो । यसमा केही दुविधा छैन ।

अत यी र यस्ता अवसरवादी प्रवृतिहरूसँग जुद्धै विभिन्न खेमामा रहेका क्रान्तिकारी शक्तिहरू एकता र ध्रुवीकरणको प्रक्रियामा संगठित भएर आत्मगत शक्तिलाई सुदृढ र मजबुत पार्दै नयाँ जनवादी क्रान्तिको दिशामा अघि बढ्नु अहिलेको ज्वलन्त आवश्यकता हो । क्रान्तिको कुरा गर्ने तर सिद्धान्तनिष्ठ एकतामा निहुँ र बखेडा झिकेर एकताको प्रक्रियाबाट भाग्न खोज्ने प्रवृत्ति कदापि ठीक होइन । त्यस्ता व्यक्ति वा समूहलाई लेनिनले एकता विरोधीको संज्ञा दिनुभएको छ । पार्टी एकता मार्ग निर्देशक सिद्धान्तमा आधारित रहेर ठोस परिस्थितिको ठोस विश्लेषण र संश्लेषण गर्दै वैज्ञानिक र वस्तुवादी कार्यदिशा तय गरेर गरिनु पर्छ न कि मार्ग निर्देशक सिद्धान्तबाट टाढा रहेको अमूर्त र अस्पष्ट कार्यदिशा र भावनाको आधारमा होइन ।

तसर्थ आउनुहोस्, क्रान्तिकारी योद्धाहरू नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वर्गीय मुक्ति र राष्ट्रिय मुक्तिको उद्घोषण गर्न क्रान्तिकारीहरूको एउटा शक्तिशाली कम्युनिष्ट पार्टीको निर्माण गरौं । कम्युनिष्ट आन्दोलनका विरुद्ध खडा गरिएको दक्षिणपंथी संशोधनवाद र विविध खाले अवसरवादी मोर्चाविरुद्ध सशक्त प्रतिरोध संघर्षको उठान गरी दक्षिणपंथी हावाहुरीलाई निस्तेज पारौं । धोकेबाज, आत्मसमपर्णवादी, दलाल र गद्दारहरूलाई चुनौती दिंदै नयाँ उचाइमा त्याग र बलिदानको किर्तिमान राख्दै सगरमाथाको टुप्पोमा विजयको लाल झण्डा फहराउन अगाडि बढौं । साम्राज्यवाद र भारतीय विस्तारवादको चङ्गुलबाट राष्ट्रलाई मुक्त पारौं । क्रान्तिकारी आन्दोलनका विरुद्ध दक्षिणपंथी अवसरवादीहरू ध्रुविकृत र एकीकृत भइरहेको वर्तमान सन्दर्भमा क्रान्तिकारीहरू अलगअलग मोर्चाबाट लड्नुको कुनै तुक नहुने भएकाले एउटै शक्तिशाली मोर्चा निर्माण गरी दुश्मनका विरुद्ध सशक्त हमला गरौं । क्रान्ति सम्भव छ । सम्भव मात्र होइन, अनिवार्य र अवश्यंभावी पनि छ ।

## नेकपा...

प्रदेशमा र पहिचानका कुराहरू पनि आए । त्यहाँ मुख्य मन्त्री, पृथ्वी सुब्बा गुरुङ आफै मुख्य मन्त्री हुनुहुन्छ । उहाँले आफैं पहिचान भएन भन्नु पनि हुन्छ । विरोध गरेर बाहिर निस्कनु हुन्न । बसिराख्नुभएको छ । मुख्यमन्त्री बनिराख्नु भएको छ । यो अर्को विडम्बना हो । त्यही सरकारमा मुख्य मान्छे भएर बस्नुभा'छ । अनि यो एकात्मक भयो पनि भन्नु हुन्छ । अझ भन्दै हुनुहुन्छ आवाज उठेन भनेर ।

पहिचानको कुरा भनेको नाम र अधिकारको कुरा हो । अधिकार क्षेत्रका कुरा आए, बजेटका कुरा आए । स्थानीयको अधिकार के हो ? प्रदेशको अधिकार के हो ? संघीय वा केन्द्रको अधिकार के हो ? खोई त बाँडफाँड पनि छैन, प्रष्टता पनि छैन । र, कानुन पनि छैन । नियम नै बनाएको छैन । खोई अग्राधिकारका कुरा ?

काठमाडौँ बसेर कर्णालीका कुरा गरिन्छ । कर्णालीमा त्यहाँका स्थानीय जनताको अधिकार छैन ? गण्डकीमा त्यहाँका स्थानीय जनताको अधिकार छ कि छैन ? स्थानीय सरकार र प्रदेशको अधिकार खोई ? अरुण तेस्रो भारतका प्रधानमन्त्री मोदी र नेपालका प्रधानमन्त्री ओलीले संयुक्त रूपमा सिलान्यास गर्नुभयो । त्यो पनि काठमाडौंमा स्वीच थिचेर । के अरुण तेस्रो त्यहाँको प्रदेश र स्थानीय सरकार तथा जनताको होइन ? खोई अधिकारको बाँडफाँड ?

साथीहरूले भन्नुभयो यता पनि बाहुन, उता पनि बाहुन, चारैतिर बाहुन नै बाहुन । देख्दा त्यो पनि छ । धेरै दुःखकस्ट पाए पनि म पनि जातका हिसाबले बाहुन नै हो । तर विचारणीय कुरा के हो भने बाहुन मात्र होइन, वर्ग पनि जोड्नु पर्छ । ठीक छ, जातका कुरा पनि आउँछन् । तर वर्गका कुरा र वर्गीयता बिर्सनु हुँदैन । जातीय मुक्तिका कुरा त गरौंला, तर वर्ग आएर उठाएर फालिहाल्छ । गर्नुहुन्छ के ? आन्दोलन गर्नुपर्ने हुन्छ, तर जातीय मात्रले पनि हुनेवाला छैन । जाति र वर्गीय जोडौं । यसमा लिंगीय, क्षेत्रीय, मधेशी र मुस्लिम सबैलाई जोडौं ।

जनयुद्धको कुञ्जी के थियो भने वर्गीय र जातिय मुद्दाहरूलाई एक ठाउँमा जोडियो । आदिवासी, जनजाति, महिला, मुस्लिम, क्षेत्र, वर्ग सबैलाई जोडियो । युनिफाइड गरियो । तर अन्तिममा हल गर्ने बेला गरिएन । समस्या यहिनेर हो । सबैको मुक्तिका लागि एक भएर लडियो पनि । तर अन्तिम टुंगो लागेन ।

जातिय मुक्तिको प्रश्न एक ऐतिहसिक प्रश्न हो । यो पुँजीपतिवर्गले समामन्तवादबाट मुक्ति पाउन उठाएको र नेतृत्व गरिएको राजनीतिक मुद्दा र प्रश्न पनि हो । पश्चिमा राष्ट्रहरूमा यस्ता मुद्दा र आन्दोलनहरू भए । त्यसपछि तिनै पुँजीपतिका संरक्षकहरूले त्यो मुद्दा छाडिदिए । आजका कम्युनिस्टहरूले जातीय मुक्ति र जातीय आत्मनिर्णयका कुराहरू गरेनौ भने कुनै पनि मुक्ति आन्दोलनको काम छैन ।

नेपालको सन्दर्भमा हामीले २ वटा कुराहरूसँग लड्नै पर्ने छ । एउटा हो, सामन्तवाद र अर्को हो, ब्राह्मणवाद । पहिचानका कुरा राख्दा सबै सिद्धिन्छ भन्ने ब्राह्मणवादी चिन्तन हो । तमुवान, नेवा, तामसलिङ, मगरात यस्तै पहिचानका नामहरू राख्यो भने बर्बाद हुन्छ भन्ने चिन्तन ब्राह्मणवादी चिन्तन हो । पहिचान बनाए भूरेटाकुरेहरू फर्कन्छन् भन्ने तर्क पनि आएको छ । यसरी सहयोग नगर्नेमा कांग्रेस पनि हो । एमालले पनि हो । उहाँहरूले राजनीतिक अध्ययन गर्नुहुन्छ कि हुँदैन ? जातीय मुक्ति चाहिन्छ कि चाहिदैन ? के हो जातीय मुक्ति भनेको ?

पुँजीवादी क्रान्ति भनेको जातीय मुक्ति पनि हो । कसरी अध्ययन गर्नु भएको छ ? कसरी हेर्नु भएको छ, कांग्रेस र एमालेका साथीहरूले ? माओवादी केन्द्रको के हो ? कहाँ भएको छ क्रान्ति ? क्रान्ति पूरा भएको भए जातीय, जनजातीय, दलित, महिला, मुस्लिम, मधेशी, वर्गीय तथा क्षेत्रीय प्रश्नहरू किन उठ्छन् । हामी एकताबद्ध भएर अघि बढ्नुपर्दछ । सुधार गरेर मात्र हुनेवाला केही पनि होइन । अमूल परिवर्तन जरुरी छ । नेपालमा दलाल पुँजीपति, सामन्त र नोकरशाही वर्गको राज्यसत्ता छ । त्यो राज्यसत्तामा जनताको जनवादी राज्यसत्ता स्थापनापछि मात्र फालिने छ । त्यसपछि मात्र जनताको राज्य संभव छ । त्यो भनेको नयाँ जनवादी क्रान्ति नै हो ।

हामी जातीय भन्छौं, अनुवाद अंग्रेजीबाट नेपालीमा गर्दा 'न्यास्नालिटी' (राष्ट्रियता)लाई जातीय भनेर गरिदिए । हाम्रो वर्णाश्रम जस्तो सामाजिकसांस्कृतिक व्यवस्था भएको देशमा राष्ट्रियतालाई जातीय भनिदिएपछि त जातपातमा कुरा मिसिन पुग्यो । जातपातका कुरा गर्दा भ्रम उत्पन्न भयो । बहस राष्ट्रियताको नभएर जातपातको कुरामा गयो । क्षेत्री, बाहुन, जनजाति, आदिवासी, दलित, मुस्लिम भन्नेमा गयो र राष्ट्रियतामा बहस भएन ।

आज 'न्यास्नालिटी' (राष्ट्रियता)को प्रश्न दुई कुराले उठेको छ । एउटा ब्राह्मणवाद तथा सामन्तवाद । त्यो आन्तरिक रूपमा छ । बाह्य रूपमा साम्राज्यवाद र विस्तारवाद छ । आन्तरिक रूपमा सामन्तवाद र ब्राह्मणवादसँग र बाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादसँग लड्नु पर्दछ ।

हाम्रा शहीदहरूको रगत खेर गएको छैन र खेर जान पनि दिइने छैन । फेरि उठ्ने साहस गरौं । मुक्ति संभव छ ।

*(शुक्रबार बानेश्वरको अल्फा हाउसमा 'आदिवासी/जनजाति राष्ट्रिय आन्दोलन नेपालले आयोजना गरेको संघीयता कार्यान्वयन र जातीय पहिचानको सवाल' अन्तर्क्रिया कार्यममा गरिएको सम्बोधनको सम्पादित अंश- सं.)*

## दलाल...

राष्ट्रघाती रहेको भन्दै नेपालमा आमुल परिवर्तनका लागि नयाँ जनवादी क्रान्ति आवश्यक रहेको र उक्त क्रान्तिको सफलताको लागि भारतमा रहेका नेपालीहरूको भूमिका महत्वपूर्ण रहने कुरा पनि सो अवसरमा स्मरण गराए ।

उक्त सम्मेलनका विशेष अतिथि तथा बरिष्ठ वामपन्थी नेता इन्द्रमोहन सिग्देलले सम्मेलनको भव्य सफलताको सुभकामना व्यक्त गर्दै नेपालमा आजसम्म पनि राजनीतिक क्रान्ति पुरा नभएको र मजदुर, किसान तथा आम उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनताको हातमा सत्ता नआएको कुरा बताए । ओली सरकारको आर्थिक समृद्धिको नारा जनता ढाँट्न अगाडि सारिएको भन्दै नयाँ जनवादी क्रान्तिको सफलता पछि मात्र राष्ट्रिय पुँजीको विकास हुने र त्यसले मात्र देशमा आर्थिक समृद्धिको ढोका खोल्ने कुराको पनि उनले स्मरण गराए ।

नेपाली एकता समाज, भारतका केन्द्रीय अध्यक्ष आनन्द बहादुर थापाले सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दै भारतभरि संगठनको विस्तार गर्नुपर्ने कुरामा जोड दिए । यस संगठनले भारतभरि छरिएर बसेका नेपालीहरूको हितमा काम गर्ने र नेपालमा हुने आमुल परिवर्तनका लागि महत्वपूर्ण भूमिका रहने कुरा समेत उल्लेख गरे ।


उक्त सम्मेलनमा प्रतीक लामा, छविलाल थापा, लक्ष्मी प्रसाद आचार्य, वालकृष्ण सापकोटा, राम कुमार कार्की र दिलमाया थापा लगायतले सम्मेलनको सफलताको शुभकामना व्यक्त गरेका थिए ।

सम्मेलनमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) अन्तर्गत दैलेख जिल्ला समिति सदस्य र विद्यार्थीको जिल्ला समितिका अध्यक्ष रहेका भुपेन्द्र बहादुर शाहीसहित हाल हैदरावादमा काम गर्ने १० जना कार्यकर्ताले माके परित्याग गरी नेपाली एकता समाज भारतमा प्रवेश गरेका थिए । आफ्नो मन्तव्यको क्रममा शाहीले माकेले क्रान्तिप्रति गद्दारी गरेको र प्रतिक्रियावादी कित्तामा सामेल भएको भन्दै माकेमा भएका क्रान्तिकारीहरूलाई क्रान्तिकारी ध्रुवीकरणमा सामेल हुन समेत अनुरोध गरे ।

# स्थानीय कर बिरुद्ध शुक्लाफाँटा संघर्ष समिति गठन

● धनन्यज अवस्थी

कञ्चनपुर । स्थानीय सरकारले चर्को कर बृद्धि गरेर जनताको ढाड सेकेको भन्दै शुक्लाफाँटामा सरकार बिरुद्ध संघर्ष समिति गठन गरेका छन् । शनिबार स्थानीयको एक भेलाले शुक्लाफाँटा नगरपालिका १ मा कर बिरुद्ध संघर्ष समिति गठन गरेको छ । गंगा बहादुर विष्टको संयोजकत्वमा संघर्ष समिति गठन गरिएको हो । सदस्य सुवर्ण विष्ट, कर्ण विष्ट, अम्मर धामी माहानन्द भट्ट, जनक विष्ट, तेज बहादुर विष्ट रहेका छन् । समितिका संयोजक विष्टका अनुसार आचाकाली रूपमा स्थानीय सरकारले जनता मार्ने तरिकाले कर बृद्धि गरेकाले कर घटाउनका लागि समिति गठन गरिएको बताए । उनका अनुसार २३ गते वडा सरकारलाई ज्ञापन पत्र बुझाउने, २५ गते विरोध जुलुस प्रर्दशन, २८ गते नगरपालिका घेराउ र तालाबन्दी गर्ने घोषणा गरिएको छ । माग पुरा नभए थप आन्दोलनका कार्यक्रम घोषणा गरिने उनको चेतावनी छ ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।